साप्ताहिक
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक २७ २०८१ माघ २२ गते मंगलबार (Feb. 4, 2025) मूल्य रू. १०/-

## दलै दल, यो दलतन्त्र कि लोकतन्त्र ?




राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सभामुख, उपसभामुख, प्रदेश प्रमुख, मुख्यमन्त्री मात्र होइन, शिक्षा, स्वास्थ्य, वन, वातावरण, वकिल, अदालत, संवैधानिक निकाय, वैंक, क्याम्पस, विश्वविद्यालय, संस्थानहरू जता पनि दलका मान्छे !

व्यवस्था लोकतन्त्र छ तर हरेक निकायमा दलका मान्छेमात्र छन् । अझ संघीयता त दलका नेता कार्यकर्ताका लागि पञ्चदेवलको हण्डी खाने र मनलागी भ्रष्टाचार गर्ने थलो बनेको छ । राज्यका प्रत्येक अंगमा पार्टीकरण भएपछि यस्तो पद्धतिलाई लोकतन्त्र भनेर कसरी भन्नु ? लोकतन्त्रमा त सिद्धान्त र नैतिकता चाहिन्छ, जुन कतै छैन ।

# ट्रम्प शासन, विश्व हल्लीखल्ली




पानामा नहर, क्यानडा, ताइवानदेखि चीनलाई रोक्ने र भारतलाई तह लगाउनेसम्मका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका आदेश, कारवाही र शासन चलाउने तरिकाले विश्वभरि नै हल्लीखल्ली मच्चिएको छ ।

अमेरिकाले चीन, क्यानडा, मेक्सिकोमाथि टेरिफ-भन्सार शुल्क बढाएर ब्यापार युद्ध घोषणा गरेपछि चीनका राष्ट्रपति सीले रूसका राष्ट्रपति पुटिनसँग लामो भिजुअल वार्ता गरेका छन् । एक भएर अघि बढ्न सहमति जनाएका छन् । चीनले मात्र होइन, क्यानडाले पनि आयात गरिने बस्तुमा भन्सार शुल्क बढाइसकेको छ । मेक्सिको पनि जवाफी मूडमा देखिएको छ ।

खासगरी अमेरिका र चीनवीचको यो खिचातानी बास्तवमै विश्वशक्ति बन्ने होडबाजीकावीच भएको व्यापार युद्ध नै हो । युद्ध सुरू भयो, एकदोस्रामा प्रहार पनि सुरू भएको छ । अमेरिकाले स्टिल आलमोनियम लगायतमा ६० अर्ब डलर शुल्क घोषणा गरेको छ भने चीनले अमेरिकी मासु, वाइन, फलफल आदि बस्तु र सामानमा कर बृद्धि गरिसक्यो । क्यानडाले पनि अमेरिकी बस्तुमा १०को बदला २५ प्रति शूल्क बढाएको छ । चीन र अमेरिका दुबै विश्वशक्ति बन्ने प्रतिस्पर्धामा छन् । विज्ञहरू भन्छन्- यो व्यापार युद्ध नै हो । अमेरिकाले खोलेको व्यापार र राष्ट्रबिस्तारको द्वन्द्व र वाक्युद्धले गम्भीर आर्थिक र सामरिक संघर्ष बढाउने आँकलन विश्वव्यापी भएको छ ।

भनिन्छ, अमेरिकाले जुन पछिल्लो कदम चालेको छ, त्यो राष्ट्रिय सुरक्षाको विषयसँग जोडिएको छ । अमेरिका आफ्नो सेना धातुहरूको आयातमा निर्भर हुन नहुने विषय हो यो । अमेरिकाले चीनविरूद्ध यस्ता अनेक निर्णयहरू लिनसक्नेछ । चीनविरूद्धको कदमका पछाडि अमेरिका आफ्ना बौद्धिक र प्रतिलिपि अधिकारको चोरी रोक्न चाहन्छ । चीनले अमेरिकालाई कसरी जवाफ दिनेछ, कुन प्रकारको झट्का दिनेछ, त्यसमा विवादको चुरो कायम हुनेछ । हाललाई अमेरिकी सोयाविन र कार निर्यातमा असर पुग्ने देखिन्छ ।

यसैवीच केही अमेरिकी अधिकारीले चीनसँग वार्ता गर्न तैयार रहेको जानकारी दिएका छन् । दुबै मुलुक विश्व व्यापार संगठनको आचारसंहिताअनुसार चलेका देखिन्छन् । तत्कालीन बुशको कार्यकालमा जस्तो बुमेऱ्याङ नहोस् भन्नेमा अमेरिका सचेत देखिन्छ । स्मरणीय छ, सन १९६० मा चिकन वार नामको व्यापार युद्ध भएको थियो । यसमा अमेरिकाविरूद्ध जर्मनी र फ्रान्सले मासुमा शुल्क बढाएका थिए ।

## नेपालको राजनीति यस्तै छ




नेपालको राजनीति सर्पदेखिपछि भ्यागुतो डराउने, बिच्छीदेखिपछि सर्प डराउने, भ्यागुतो देखिपछि बिच्छी भयभित हुने । यस्तै छ । यस्तो राजनीति भनेको एकले अर्कोलाई कसरी खुइल्याउने भन्ने हो । यही कारण देश खोक्रिदै गएको छ ।


## निम्तो नदिएको कि हेपेको ?




प्रधानमन्त्री ओलीलाई भारतले निम्तो दिएन भनेर खिसिट्यूरी गर्नु बौद्धिक खालीपन हो । ओली भ्रष्ट होलान्, गफाडी होलान्, उखाने होलान्, तर नेपालका प्रधानमन्त्री हुन् ।

उनले भारत भ्रमण गर्न चाहे पनि भारतले निम्तो दिएन, उनी चीन गए । अझै पनि ओली भारत भ्रमण गर्ने तैयारीमै छन्, भारतले निम्तो दिने छेउछन्द देखाएको छैन । थिङ्क टेङ्क मानिएका बुद्धिजीवीहरूले प्रधानमन्त्रीलाई सुझाव दिनुपर्ने हो, भारतले बंगलादेश, श्रीलंका, पाकिस्तान भ्रमण गर्नुपर्छ । नेपाल सार्क अध्यक्ष पनि हो । भलै सार्क ब्रम्हनालमा भारतकै कारण पुऱ्याइएको होस्, अन्य सार्क मुलुकमा प्रधानमन्त्रीले भ्रमण रोक्नुहुन्न । दक्षिण एसिया, विश्वका अन्य मुलुकसँग नेपालको सम्बन्ध बढाउँदै लानुपर्छ । नेपालको बौध्दिक बृत्त, अनुभवी कूटनीतिज्ञहरू किन नेपालको हितमा सोच्दैनन्, बोल्दैनन् ? चिन्ताको विषय हो ।

## नेपाल र नेपालीलाई के हुन्छ ?




एमसीसी कार्यान्वयनमा गएको थियो, राष्ट्रपति ट्रम्पको आदेशमा रोकिएको छ । ट्रम्पले नेपाललाई दिएको वैदेशिक अनुदान रोकिएपछि समकालीन अन्तराष्ट्रीय सम्बन्धको महत्वपूर्ण पक्ष नै अन्योलमा पुगेको छ । यसबाट शक्तिशाली देशको लिखित प्रतिवद्धता पनि अनपत्यारिलो हुन्छ भन्ने शिक्षा नेपालले लिनुपर्छ । नेपालमा विश्वशक्तिहरूको सामरिक स्वार्थ र संलग्नताले चुनौती थपिदै नेपाल भूराजनीतिको गोलचक्करमा परेको निश्चित हो । यसबाट राष्ट्रलाई सकुसल कसरी पार लगाउने, यसबारे नेपालमा चिन्ता र चासोको कमी देखिएको छ । राष्ट्रपति ट्रम्पले अमेरिकी नीतिमा रिडिजाइन गर्न लागेका छन् । सहयोगको ढोका पक्कै खोलिने बताइन्छ ।

## अमेरिकामा नेपालीको भागम्भाग



करोड करोड बुझाएर अमेरिका गएकाहरू, अमेरिका पुगेर लुकेका र गैरकानुनी रूपमा बसेका नेपालीहरूको भागम्भाग भएको छ । हालसम्म अमेरिकास्थित नेपाली दूतावासले नेपाली पक्राउ नपरेको भनेको छ । तर उनीहरू कुनै पनि बेला पक्राउ पर्ने र डिपोट हुनसक्ने खतरा छ । नेपाल इलिगल सूचीको २६औं नम्बरमा रहेको भनिन्छ । पहिलो सूचीमा भारतका १८ हजार गैरकानुनी रूपमा बसेकालाई फिर्ता गर्न भारत तैयार रहेको भारतले भनिसकेको छ । फिलिपिन्सका ३ लाख, चीनका ४१ हजार, नेपालका ३६ हजारलगायत अन्य मुलुकका थुप्रै इलिगल अमेरिकामा पक्राउ पर्दैछन् । हालसम्म अमेरिकी इमिग्रेशन अदालतहरूले ३ हजार ५०० नेपालीहरूलाई निष्काशन आदेश जारी गरिसकेका छन् । तीमध्ये करिब २ हजार जनाले स्वेच्छिक रूपमा अमेरिका छोडेको खबर छ छ । हाललाई १३६५ जना पक्राउ पर्ने खतराको सूचीमा रहेका छन् ।

इलिगल भारतीयलाई पक्राउ गरेर डिपोट गर्न थालेपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले माइ डियर फ्राइण्डको हैसियत देखाएर राष्ट्रपति ट्रम्पसँग वार्ताका साथ स्थिति सम्हाल्ने प्रयत्न गरेका छन् । यद्यपि राष्ट्रपति ट्रम्पको **मेक अमेरिका ग्रेट अगेन** योजना प्रष्ट भइसकेको छैन ।

## कांग्रेसी स्टार्टअपमा विदेशी कूटनीतिज्ञ



कांग्रेसको स्टार्टअप सम्मेलनमा विदेशी कूटनीतिज्ञ सहभागी भएका छन् । कांग्रेसको उद्यमशील र साना तथा मझौला व्यवसायी विकास विभागले पार्टी कार्यालय सानेपामा स्टार्टअप तथा एसएमई सम्मेलन गरेको थियो । यो सम्मेलनमा इजरायली राजदूत सुमुलिक एरी बास, दक्षिण कोरियाका राजदूत पार्क ताइ योङ, इजिप्टदूतावासका डीसीएम मोहम्मद कान्डिल, भारतीय दूतावासका कमर्स सेक्रेटरी सुमन शेखर र बेलायती दूतावासका सल्लाहकार सुमित शर्मा सहभागी भए ।

स्वभाविक हो, कांग्रेसले खोजेको प्रशंसा सहभागी विदेशी कूटनीतिज्ञहरूले गरिदिएका छन् । उनीहरूले सम्मेलन थलोमा राखिएका विभिन्न स्टलहरूमा भिजिट गरे, नेपाली हस्तकला अनुपम छ भने । तर चिताएको जति व्यवसाय हुनसकेन । अधिवेशन ०८२ मै हुनुपर्छ भन्ने माग उठिरहेका बेलामा यो सम्मेलन भएको छ ।

# संविधान संशोधन रोक्न मधेशवादी भए एक ढिक्का




पाँच मधेशवादी दलहरू संविधान संशोधनको विरूद्धमा एक ढिक्का बनेका छन् । उनीहरू संघीयता गुम्ने डरले संविधान संशोधनको विरूद्धमा एक भएको बुझ्न सकिन्छ ।

यी दलहरू कांग्रेस एमाले गठबन्धन सरकारका साझेदार हुन् । संविधान संशोधन गरिन्छ भनेर प्रम ओलीले बोलेपछि विरोधी मोर्चामा सामेल हुन पुगेका हुन् । संविधान संशोधन गर्ने पहल सरकारले थालेका छ, यसकारण पनि यी मधेशवादी दलहरू बिच्किन पुगेका हुन् ।

***पाँच दलहरूमा डा. सीके राउत नेतृत्व जनमत पार्टी, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), महन्थ ठाकुर को लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल रहेका छन् ।*** *एकाएक यी सत्ताधारी मधेशवादी विरोधी मोर्चामा पुगे । कसले कान फुक्यो यिनलाई ?*

कांग्रेस एमालेको गठबन्धन सरकार संविधान संशोधन र राजनीतिक स्थिरताको मुख्य एजेण्डासहित बनेको थियो । दुबै दलका नेताहरू सहमति गरेर अघि बढ्ने धारणा अघि सारिरहेका छन् । यी दुबै पार्टीवीच थ्रेस होल्ड बढाउने र निर्वाचन प्रणाली नै पुनरावलोकन गर्ने सहमति पनि भएको छ । समानुपातिक निर्वाचन प्रणाली हटाउने विषय पनि छलफलमा छ । मधेशवादी दलहरू यी एजेण्डाहरूको बिरोध गरिरहेका छन् । नागरिक समाजमा संघीयता पनि भार बनेको विषयले महत्व पाएकाले पनि मधेशवादीहरू आफूलाई लाभदायी भएका यी यावत विवषय काटिनेमा बढी सशंकित र भयग्रस्त देखिदै आएका छन् ।

कांग्रेस र एमालेवीच गत असार १७ गते संविधान संशोधनसहितको ७ बुँदे सहमति भएपछि तत्कालीन प्रचण्ड नेतृत्वको सरकार ढलेर असार ३० मा २ वर्ष ओलीले चलाउने र त्यसपछि चुनावी सरकारको नेतृत्व कांग्रेस शेरबहादुर देउवाले गर्ने भनी अन्य ५ दलसहित सरकार बनेको थियो । एकाएक ३२ सिटे माओवादी केन्द्र प्रतिपक्षमा झरेको थियो । यसलाई माओवादीले संसदीय प्रणालीकै उपहास भनेको मानेको छ ।

मधेशवादी भन्छन्- मोर्चाले सरकारको बिरोध गर्दैन । संविधान संशोधनमा सामूहिक सुझाव दिन्छ । जसपा अझ खुल्यो- 'संविधान संशोधनमा सुझाव दिन मोर्चा बनाएका हौं । सरकारको विरूद्धमा होइन । संविधान संशोधनमा हाम्रा माग समेटिनुपर्छ, एकीकृत सुझावका साथ दबाब दिने मोर्चाको उद्देशय छ ।'

मधेशवादी दलहरूले मोर्चा बनाएपछि प्रतिपक्षी माओवादी र अन्य दलहरू खुशी भएका छन् । अब सरकार कमजोर भयो, यो आफै ढल्छ भन्न थालेका छन् । मोर्चा किन बन्यो भन्ने अन्यौलमा रहेका कांग्रेस एमाले सरकारको नेतृत्व र सहयोगीहरू भने तर्सेको मनस्थिति देखाउन थालेका छन् ।

संविधान संशोधन आफ्नो हिसावले हुनुपर्छ भनेर बनेको मधेशवादी दलहरूको एकतासहितको मोर्चा बनेपछि प्रतिपक्षीहरू सरकारमा रहेका ४ मधेशी दलहरूलाई सरकारबाट बाहिरिन सुझाव दिन थालेका छन् । यसैवीच के हो भनेर नाडी छाम्न गठबन्धन सरकारका प्रतिनिधिले सरकारविरोधी मोर्चा छोड्ने कि सरकार भनेर प्रश्न उठाउन थालेका छन् । कांग्रेसी भन्छन्- 'प्रधानमन्त्रीले सबैसँग सल्लाह गरेर संविधान संशोधन हुने बताइसकेपछि किन माधेशवादी दलहरूले मोर्चा निर्माण गरेका हुन्, कि सरकारमा बस्नुस्, कि मोर्चामा बस्नुस् ? रोजाइ उनीहरूको हो' भनेका छन् ।

मधेशवादी दलहरूले मोर्चावन्दीको बारेमा ठूला दलहरूलाई प्रष्ट पार्नका लागि छलफल अघि बढाएका छन् ।

संविधान संशोधनको विषय चर्किदै गएको छ ।



# काफ्ले परिवारको अक्षयकोष

स्यांग्जा जील्ला हाल वालिंग नगरपालिका वडा नं २ मा पिता हिरामणि रेग्मी तथा मनिकर्ण रेग्मी माताको कोखबाट बि.सं.१९९९ साल बैशाख १० गते जन्मनु भएकी,वालिंग नगरपालिका वडा नं २ धनुबांसे बज्रडांडा निवासी श्री दयानिधी काफ्लेसंग बिबाह बन्धनमा बांधिनु भएकी स्व. खीनकुमारी काफ्लेको स्मृतिमा धादिंग जील्ला थांक्रे गाउंपालिका वडा नं ७ स्थित श्री बाराही आधारभूत बिद्यालयमा रू.५0000 (अक्षरूपी -पचास हजार)को अक्षयकोष स्थापना गरियो ।

हाल चन्द्रागिरी नगरपालिका वडा नं ७ हाइभिजन कोलोनी निवासी, आमा खिनकुमारी र बुबा दयानिधीका साहिंला छोरा नीलकण्ठ काफ्ले,बुहारी देवी काफ्लेबाट सो अक्षयकोषको लागि रकम उपलब्ध गराइएको हो ।

अति बिपन्न परिवारका बालबालिकाले शिक्षाबाट बन्चित हुनु नपरोस् भन्ने हेतुले यो अक्षयकोष स्थापना गरिएको हो । बिद्यालयमा एउटा कार्यक्रम आयोजना गरी उक्त ररम बिद्यालयका प्र.अ.सुमित्रा सुवेदी, बिद्यालय ब्यावस्थापन अध्यक्ष उद्धव खतिवडालाई देवी काफ्लेले हस्तान्तरण गर्नुभयो । यो कार्यक्रमलाई मध्यस्थता धादिंगका ढुकढुकी, समाजसेवी, राजनितीकर्मी, धादिंग निवासी सहयोगी श्री सुरेश आचार्यले गर्नुभएको हो । कार्यक्रममा वडा अध्यक्ष युवराज खतिवडा, राजन त्रिपाठी, ईन्दिरा त्रिपाठी, सीता शर्मा लगायत बिद्यालय ब्यावस्थापन समितिका पदाधिकारी,स्थानिय ब्यक्तिहरू बिद्यालयका शिक्षक तेजराज वस्ती, मधुसुदन गजुरेल, सरस्वती खतिवडा, सुष्मिता ढकाल, रमा दाहाल तथा बिद्यार्थी भाइबहिनीहरूको उपस्थिती थियो । कार्यक्रमको उद्घोषण तेजराज वस्ती सरको रहेको थियो । कार्यक्रमबारे समाजसेवी सुरेश आचार्यले प्रकाश पार्नु भयो । नितान्त समाजसेवाको भावले राखिएको यो अक्षयकोषले बिपन्न परिवारका बालबालिकाले पढ्न पाउनेछन् । सबै पितृहरूको बैकुण्ठ बास होस्।आमा खिनकुमारी काफ्लेको बैकुण्ठ बास होस् ।

अक्षयकोषदाता -छोरा-नीलकण्ठ काफ्ले, बुहारी-देवी काफ्ले

नातीनी-भावना काफ्ले भट्टराई, नातिनी ज्वाई-बिपिन भट्टराई, पनाती-फियोर्ड के भट्टराई, नाती-नितिश काफ्ले, नातिनी बुहारी-अस्मिता सुवेदी काफ्ले,नाती-स्वप्निल काफ्ले, नातिनी बुहारी-सिमोन त्रिपाठी काफ्ले ।

सम्पूर्ण परिवारमा पितृको आशिरवाद रहोस् ।




# अध्यादेशको राजनीतिभित्र दलहरुको दोहोरो नीति



डा. केशव देवकोटा

देशमा नेकां र एमालेजस्ता संसदका दुई ठूला पार्टीहरुसमेत सम्मिलित शक्तिशाली सरकार भएपनि नीतिहीनता र दोहोरो राजनीतिका कारण कमजोरजस्तो देखिएको छ । संसदको हिउँदे अधिवेशन आह्वान हुने अन्तिम समयमा आएर संसदको प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले बिशेष अधिवेशनको कुरा उठाउने, त्यहीबीचमा सरकारले अध्यादेश ल्याउने, संसदमा बिचाराधिन रहेका र संसदीय समितिहरुमा छलफल भएर पारित हुने अन्तिम तयारी रहेका विधेयकहरुलाई पनि अध्यादेशमा समेट्ने, प्रमुख प्रतिपक्ष लगायतका दलहरुले अध्यादेश संसदमा पेश गर्नैनदिने भनेर प्रचारबाजीगर्ने तर गत १८ गते शुक्रबार संसदमा अध्यादेशहरु पेश हुँदा प्रमुख प्रतिपक्षी दलका प्रमुख नेता बोल्दै नबोल्नेलगायतका घटनाले सबैलाई गंभिर बनाएको छ । त्यतिमात्र होइन सरकारले ल्याएका हरेक अध्यादेशको जनस्तरबाट बिरोध भैरहेको छ । सरकार ले गतसाता मंगलबार राष्ट्रिय सभामा पेश गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयकको त सर्बत्र बिरोध भएको छ । उक्त विधेयक नेपालको स्वतन्त्र प्रेसलाई नियन्त्रणगर्न ल्याइएको रहस्य खुलेको छ । नेपाल पत्रकार महासंघलगायतका पत्रकार सम्बद्ध सबै संघसंस्था र बिभिन्न पार्टी सम्बद्ध पत्रकार संगठनमात्र नभएर नेकां लगायतका पार्टीहरुलेसमेत बिरोध गरेका छन् । त्यसैगरी सरकारको कृषि सम्बन्धी नीतिमा त्रुटी देखिएपछि बिभिन्न कम्युनिष्ट पार्टी सम्बद्ध छवटा किसान संगठनहरुले १४ बुँदे मागपत्र प्रस्तुत गरेर आफ्ना माग पूरा नभए आन्दोलनमा उत्रने चुनौतीसमेत दिएका छन् । भूमि बैंकको प्रावधान ल्याएर जनताको लालपूर्जा भएको जमिन खोसेर भूमाफिया र विदेशी पूँजीपतिलाई सुम्पने र जनतालाई आत्महत्यागर्न बिवश बनाउने तयारी भइरहेको उनीहरुको भनाई छ छ । कांग्रेस-एमालेसहितका सात संसदवादी दलहरु मिलेर बनेको वर्तमान सरकारले संसदीय मर्यादालाईसमेत कुल्चेर अध्यादेशका आधारमा शासनगर्न थालिएको बिभिन्न क्षेत्र र पक्षबाट आवाज उठेको छ । अदालतलाईसमेत प्रभावित बनाउने कोशिस भइरहेको कतिपयको भनाई छ । छवटा किसान संगठनले देशमा महँगी, भ्रष्टाचार र बेथितीले सीमा नाघेको भनेका छन् । उनीहरुले किसानहरुले मल, बिउ पाउन नसकेको भन्दै चिन्ता ब्यक्त गरेका छन् । त्यसैगरी भूमीसम्बन्धी अध्यादेश र बनसम्बन्धी अध्यादेशकाबारेमा पनि शुरुदेखिनै बिभिन्न संसयहरु ब्यक्त हुँदै आएका छन् । देशको शक्तिशाली सरकारले अध्यादेश ल्याउने र त्यसलाई पनि फाष्टट्र्याकबाट पारित गराउने जुन प्रयास गरिरहेको छ, त्यसका पछाडि कुनै विदेशी ठूलै शक्ति रहेको र नेपाललाई थप कमजोर बनाउने प्रयास तीब्र पारिएका ब्याख्या र बिश्लेषणहरु पनि हुनथालेका छन् । के भनिन्छभने नेकां र एमालेसहितको बर्तमान सरकारले ल्याएका अध्यादेश र कतिपय विधेयकहरु यसअघिको पुष्पकमल दाहाल नेतृत्वको सरकारकै पालामा मस्यौदा गरिएका हुन् ।

त्यसैले माओवादी केन्द्रलगायतका दलहरु त्यसलाई बाहिर बाहिर बिरोध गरेजस्तो देखाउने र भित्रभित्र पारित गराउन जोडबलगर्ने कार्यमा लागेका छन् । हाल राष्ट्रिय सभामा पेश भएको सामाजिक सञ्जालसम्बन्धी विधेयक यसअघि तत्कालिन सञ्चारमन्त्रि गोकुल बास्कोटाले ल्याएको मिडिया विधेयकसँग कतिपय प्रावधान हुबहु मिलेको पाइको छ । अब आगामी २४ गते प्रतिनिधिसभा र राष्ट्रिय सभामा बिभिन्न छवटा अध्यादेश निर्णयार्थ प्रस्तुतगर्ने कार्यतालिका रहेको पाइएको छ । त्यसमा कुन, कुन दलको कस्तो भूमिका रहन्छ भन्ने स्पष्ट हुने छ । हालको अवस्थामा हेर्दा संसदीय अंकगणितले संसदमा अध्यादेश स्वीकार्न सरकारलाई प्रष्ट बहुमत भएपनि राष्ट्रियसभामा बर्तमान सरकारसँग बहुमत छैन । संसदमा सर कारको पक्षमा कांग्रेसका ८८, एमालेका ७९, जसपाका सात, जनमत पार्टीका छ, लोसपाका चार, र नागरिक उन्मुक्ति पार्टीका चारसमेत गरी १८८ सांसद र हेको अवस्था छ । २७५ सदस्यीय प्रतिनिधिसभामा उपरोक्त संख्या दुईतिहाइ नजिक हो । अर्कातिर राष्ट्रियसभामा बर्तमान सरकार स्पष्टरुपले अल्पमतमा रहेको अवस्था छ । ५९ सदस्यीय राष्ट्रियसभामा कांग्रेसका १६, एमालेका १० र लोसपाका एकसमेत गरी २७ जना सांसदमात्र रहेका छन् । एमालेकी मनोनीत सांसद डा. अन्जान शाक्यसमेतलाई जोड्दा सत्तापक्षका सांसदहरुको संख्या २८ मात्र हुन्छ । राष्ट्रियसभामा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका १७, एकीकृत समाजवादीका आठ र राष्ट्रिय जनमोर्चाका एकजना गरेर २६ जना सांसद रहेको अवस्था छ । हाल उपेन्द्र यादव नेतृत्वको जसपा सरकारमा छैन । तर सो पार्टीलाई सरकार निकट मानिन्छ । जसपाका तीनजना सांसद कतै पनि नखुलेको अवस्था छ । जसपा नेपालका तीनजना सांसद अध्यादेश अस्वीकृतगर्ने पक्षमा खुलेको खण्डमा विपक्षमा रहेका सांसदको संख्या २९ पुग्छ । त्यसमा पनि माओवादी केन्द्रको भूमिका प्रधान हुन्छ । किनकी उपेन्द्र यादव नेतृत्वको जसपा माओवादी केन्द्रसँग रुष्ट देखिँदै आएको छ । उसले माओवादी केन्द्रका अध्यक्षको द्वैध भूमिकाको बिरोधगर्दै समाजवादी मोर्चा समेत परित्याग गरेको अवस्था छ । सर कारले आगामी २४ गते दुवै सभामा अध्यादेशलाई निर्णयार्थ पेशगर्ने तयारी गरेको छभने विपक्षी दलहरुले अध्यादेश अस्वीकृतगर्नका लागि विरोधको सूचना दर्ता गरेका छन् । जसपाका तीन सांसदले साथ दिएको खण्डमा सत्ता पक्षको संख्या ३० पुग्नेवाला छ । जुन ५९ सदस्यीय राष्ट्रिय सभामा स्पष्ट बहुमत हो । मनोनित तीनजना सांसदमध्ये माओवादीका नारायण दाहाल सभाका अध्यक्ष हुनुहुन्छ । उहाँले सो सभामा मतदानहुँदा बराबरी मत भएमात्रै निर्णायक मत दिन पाउने अवस्था छ । त्यसैगरी बामदेव गौतम कतै नखुलेको र उहाँले सत्ता पक्ष र प्रतिपक्ष दुबैको आलोचना गरेको देखिएको छ । उपेन्द्र यादव नेतृत्वको जसपाका सांसदहरुले प्रतिपक्षी दलहरुलाई साथदिएको अवस्थामा पनि अध्यादेश अस्वीकृतगर्न बामदेवको साथ चाहिने हुन्छ । अर्कातिर यादव नेतृत्वको जसपाका सांसदहरुले सत्तापक्षलाई साथ दिएको खण्डमा बामदेवको मत विना पनि बहुमत पुग्ने अवस्था पनि छ । जसलेगर्दा राष्ट्रियसभामा गौतमको मत पनि तानातानमा परेको देखिएको छ । बर्तमान सरकारको सिफारिसमा गत पुस १४ गते राष्ट्रपति रामचन्द्र पौडेले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधनगर्ने अध्यादेश २०८१ जारी गर्नुभएको थियो । त्यसैगरी गत पुस २९ मा थप चारवटा र माघ दुईगते थप एउटा अध्यादेश जारी भएका थिए । गत १८ गते संसदको अधिवेशन शुरु भएकै दिन सरकारले छवटै अध्यादेश दुवै सभामा एकमुष्ट प्रस्तुत गरेको थियो ।

घटनाक्रमहरुलाई हेर्दा राष्ट्रियसभामा प्रमुख प्रतिपक्षी माओवादी केन्द्र र एकीकृत समाजवादीका १६ जना सांसदले बिभिन्न छवटा अध्यादेश अस्वीकृतगर्न मागगर्दै सूचना दर्ता गराएका छन् । माओवादी केन्द्र, रास्वपा, एकीकृत समाजवादीसहित विपक्षमा रहेका दलका सांसदहरुले प्रतिनिधिसभामा ५0 वटा अस्वीकृतको सूचना दर्ता गरेका कारण त्यसलाई पार लगाउन सरकारलाई महाभारत पर्ने देखिएको छ । हालसम्मको संसदको सञ्चालन प्रक्रियालाई हेर्दा शुरुमा एकजनाबाट अध्यादेश अस्वीकृत गरि योस्भन्ने प्रस्ताव सभामा प्रस्तुत हुने छ । त्यसपछि पक्षका अर्थात समर्थनगर्ने सांसदहरु बोल्ने छन् । उनीहरु बोलिसकेपछि अध्यादेश अस्वीकृत गरि योस्भन्ने सूचना निर्णयार्थ पेश हुन्छ । त्यस्तो सूचनालाईभने सामान्यतया ध्वनि मतका आधारमा निर्णयगर्ने चलन छ । अथंकदाचित पक्ष र बिपक्षमा बराबरी देखिएमा सभाध्यक्षले अन्य प्रक्रियामा लानसक्ने अवस्था पनि रहेको छ । प्रतिनिधिसभामा सरकारको पक्षमा स्पष्ट बहुमत भएकाले समस्या नभए पनि राष्ट्रियसभामा सत्तापक्ष र विपक्षमा रहेका दलको संख्या बराबरीजस्तै रहेकाले अध्यादेश स्वीकृत वा अस्वीकृतका लागि मतदान माग हुनसक्ने अवस्था पनि छ । यदि संसदमा सरकारले ल्याएको अध्यादेश बिफल भएमा प्रधानमन्त्रिले राजीनामा गर्नुपर्ने अवस्था पनि आउन सक्दछ । त्यसैले आगामी २४ गतेको संसदको कारवाही राजनीतिप्रति चासो राख्नेहरुका लागि धेरै रोचक हुने देखिएको छ ।

संविधानले संसदको अधिवेशन नर हेका बेला सरकारलाई अध्यादेश ल्याउन सक्ने अधिकार दिएको भएपनि नेकां र एमालेजस्ता दुई ठूला पार्टीसमेत रहेको बर्तमान सरकारले अध्यादेशबाट देशको शासन सत्ता सञ्चालन गर्ने/गराउने बाटो रोज्नु हुने थिएन । यसअघिको सरकारका पालामा पनि यस्ता घटनाहरु नभएका होइनन् । लगानी सम्मेलनलाई सहज बनाउनका लागिभन्दै थुप्रै ऐनहरु अध्यादेशबाट संशोधन गरिएका थिए । तर त्यस कार्यबाट एकातिर देशको ऐन कानून फितालो हुन पुग्योभने अर्कातिर अपेक्षित मात्रामा विदेशी लगानी पनि जुटेन । सरकारले पनि यस अघिको सरकारका नीतिहरुलाई निरन्तरतादिँदै निजी क्षेत्र र विदेशीहरुलाई बढी प्रोत्साहन गर्नेगरी ऐन कानूनमा संशोधन गर्नेक्रम बढाएको देखिएको छ । ०६३ को राजनीतिक परिवर्तनको बिशेषतानै नेपालीहरुलाई आफ्नै घर आगनमा परदेशी बनाउनेमा केन्द्रित रहेको देखिँदै आएको छ । सर कारले संसदमा पेश गरेका अध्यादेशहरु आगामी २४ गते पारित भएपनि देश रसातलमा जाने र नभएपनि बर्तमान सरकार सत्ताच्युत भएर देशमा फेरी र ाजनीतिक अस्थिरताको सिर्जना हुने देखिएको छ । यसरी अध्यादेशको र ाजनीतिभित्र दलहरुको दोहोरो नीतिलेगर्दा देशलाई जसरी पनि अप्ठेरो पार्ने अवस्था बढ्दैगएको छ । देश, जनता र सरकारलाई बलियो बनाउने र राजनीतिक स्थायित्व कायमगर्दै विकासको गतिलाई तीब्र बनाउनुपर्ने हालको अवस्थामा संसदमा रहेका कतिपय दल र तिन्का नेताहरु विदेशी शक्ति केन्द्रको प्रभावमा परेर परिचालितहुँदा देशमा कुनैपनि बेला फेरी राजनीतिक दुर्घटना हुनसक्ने संभावना देखापरेको छ । जुन हालका सन्दर्भमा बिचारणिय कुरा भएको छ ।



# बलात्कार किन हुन्छ ?

## पुरूषवादको पराकाष्ठा त होइन ?

देवी काफ्ले-

समाजमा नारीलाई पुरूषका सम्पत्ति ठान्ने सोच अद्यपि छ । नारी पुरूषका लागि मात्र हो, आफैमा ऊ अपूर्ण हुन्छे भन्ने सोचले ग्रस्त छ हाम्रो समाज । तसर्थ उनीहरूको स्वतन्त्रताको बहस कुइराको काग जस्तै भएको छ । जन्मेदेखि बाबुको अधिन, दाजुभाइको अधिन, युवावस्थामा प्रेमीको अधिन, बिहेपछि लोग्नेको अधिन, छोरा जन्मेपछि छोराको अधिनमा हुन्छन् । अर्थात नारीको जिन्दगीको दोस्रो नामै अधिन जस्तो भएको छ, त्यो पनि पुरूषको । अब नारी स्वतन्त्र कहिले हुन्छे त ?

महिला पुरूषको खेलौनाझैं ठानिएका छन् । पुरूषलाई खुसी पार्नु उसको दायित्व हो । महिलाले पुरूषलाई खुसी पार्नु या उनीहरूको मन बहलाउनुपर्छ नै भन्ने मान्यता सब्दियौंदेखि चलेको रीत हो । प्रत्यक्ष रूपमा नभए अप्रत्यक्ष रूपमा अथवा एक कामुक महिला हरेक पुरूषको इर्दगिर्द मडारिएको हुनुपर्ने मान्यता राखेर होला उन्नाइसौं शताब्दीमा आजको जस्तो सुन्दरी प्रतियोगिता हुँदैनथ्यो । तर तैलिय चित्र बनाइन्थे, मूर्ति बनाइन्थे र त्यहाँ प्रष्ट कामुकता झल्काइन्थ्यो । ती मूर्ति हेर्यौं भने उनीहरूलाई कामुकताको प्रदर्शन गराए जसरी प्रस्तुत गरिन्थे । नारी असाध्य सुन्दरी हुनुपर्ने, छिःछिः र दूरदूरको व्यवहारबाट उन्मुक्ति पाउन र सबैले राम्री, सुन्दरी भनेको सुन्न लालायित छन् । त्यही लालसाले बजारका महँगा सौन्दर्य प्रसाधन प्रयोग गरेर सुन्दरताको बजारमा मोलिन महिला तँछाडमछाड गरिरहेका छन् । तिनै प्रसाधनका कारण कुनै घातक रोगको शिकार बन्नुपरे बनि दिनुपर्छ ।

आजको हाम्रो समाजमा बलात्कार जस्ता जघन्य अपराध विकराल परिस्थितिको रूप पनि कतै पुरूषवादी सोचको पराकाष्टा त होइन ? घटनाले त त्यस्तै प्रवृत्ति देखाउँछन् । जब एउटी नवयौवना या बालिका बलात्कृत हुन्छे उसले न्याय खोज्न परिवारबाटै सुरू गर्छे । परिवारले नै इज्जतको दुहाई दिएर रोक्न खोज्छ । किनकि बलात्कृत महिलालाई समाजले घृणा गर्छ, स्वीकार्दैन र दोस्रो पुरूषले बिहे गर्दैन ।

न्यायका लागि परिवारबाट घटना बाहिरियो भने समाजका सम्भ्रान्तहरूले पुरूषकै बचावट गर्छन् । स्वास्नी मानिस किन उत्ताउली भएर हिँडेको ? चुपचाप बस भन्ने आदेश दिन्छन् । बढी नै गरे भने महिलाको इज्जतको क्रयविक्रय हुन्छ अर्थात् पैसा दिएर चुप गराइन्छ । समाजको निर्णयमा चित्त नबुझेपछि पुलिसकहाँ गईभने अझ ठूलो बलात्कारमा पर्छे । केही न केही गडबडी ऊबाट नभई पुरूष जाइलाग्दैन । त्यसैले मिलापत्र गर भन्छन् । मिलापत्र गराइनछ ।




यदि पीडिता न्यायका लागि अदालत गई भने त्यहाँ त झनै पुरूष वकिलहरूबाट चिराचिरा पारेर शाब्दिक चिर हरण गर्छन् । महिला जता पनि नाङ्गिनै पर्छ ।

अदालतमा पुग्दा वकिलहरूबाट कठघरामा सोधिने प्रश्नहरूले जुनसुकै महिलाको चिर हरण हुन्छ । यस्ता घटना प्राय: भारतमा हुने गर्छ । महिलाले न्याय हैन आफ्नो अन्तरआत्मा मार्छे । अन्तत: केही महिला आत्महत्या गर्न बाध्य हुन्छन् ।

बलात्कार किन हुन्छ ? किनभने मानिसमा मानवीयता र उसको मतीभ्रष्ट भएका बेला यस्ता कृत्य गर्न अग्रसर हुने गर्छ । यसबेला उसको मानवीय संवेदना मरेको हुन्छ । त्यस्ताबेला आपराधिक मनोवृत्ति बढेको हुन्छ र उसले यस्ता कार्य गर्छ । सामान्य अवस्थामा त त्यस्ता दुर्व्यवहार सोचेको हुँदैन । जो भए पनि एउटी नारी उसले स्त्री मात्रै देख्छ र आफ्नो यौन प्यास मेटाउने प्रयत्न गर्छ । यसबेला उसले सामाजिक दायरा र नैतिकता बिर्सन्छ । जसको अस्मिता जबरजस्ती लुटिन्छ । त्यो अपराधी पुरूषको इज्जत जाँदैन । किन मानिस महिलाको मात्रै थाप्लोमा इज्जतको भार बोकाउन चाहान्छन् ? पुरूषलाई नै सर्वेसर्वा गराउन लागिरहेका छौं । किन ? बलात्कारको पाटो त छुट्टै भयो । अर्को यो पुरूष अधिनस्थ महिलाहरूको पनि पुरूषलाई पुरूष बनाउन कम हात छैन । ती महिलाले आफूलाई त्यतिबेला स्वतन्त्र ठान्छिन् जब प्रेमीले होटलमा खान लैजान्छ, घुमाउँछ, इच्छा अनुसारका सामान किनिदिन्छ । अनि उनलाई साथीसँग खुलेर हिँड्न दिन्छ । तर महिलाले यो सोचेकी हुँदैनन्, यस्ता कुराले आफैले कुनैबेला समस्यामा पार्छ । आफूमा भएको क्षमता र शक्ति र सामर्थ्य एउटा राम्री शब्दैमा विलय गराइदिन्छन् । नारी वास्तविक अर्थमा ऊ कहिल्यै पुरूषबाट स्वतन्त्र हुन सक्दिन । कुनै न कुनै रूपमा उसमाथि दबाब रहिरहन्छ । नारी स्वतन्त्र हुने हो भने पुरूषले गरेका अत्याचार र कुदृष्टिको खुलेर विरोध गर्थी । पुरूषले गरेका गल्तीको सजाय नारीले मात्रै भोग्नु पर्ने थिएन । गल्ती दुवैबाट हुन्छ भने सजाय पनि दुवैले भोग्नु पर्ने हो । जुनसुकै पदीय दायित्व भएका भए पनि पुरूषले नारीलाई हेर्ने दृष्टिकोण तुच्छ छ । नातागोता, हाकिम, कारिन्दा, मन्त्री कार्यकर्ता सबैको चाह यौन सन्तुष्टि नै हो ।

उच्च तहका व्यक्तिहरूका पनि यौनकाण्डका घटना धमाधम बाहिर आइरहेका छन् । तर सबैको दृष्टिकोण नारीमै समाहित छ । सम्बन्धित महिला नै चरित्रहीन हो भन्ने ठान्छन् । महिला मात्र दोषी हो भने त्यहाँ सहभागी पुरूष किन चोखिन जान्छ ? के महिला एक्लै बेस्या हुन्छे ? पुरूषको सहभागिता बिना नै महिला कसरी बेस्या हुन्छे ? नारी स्वतन्त्रता र हक अधिकारका विषयमा सबै छलफल गर्नुपर्छ । हरेक क्षेत्रमा उपहारका रूपमा या दान स्वरूप दिइएका आरक्षणले नारी स्वतन्त्र हुन सक्दिन । उनीहरूलाई साथ र सहयोग र हौसलाको जरूरत छ । ताकि उनीहरू आफ्नो क्षमताअनुसार अघि बढ्न सकुन् ।

# सिक्किमका सर्जकलाई नेपालमा सम्मान

सिक्किमका सर्जक टी.बी. चन्द सुब्बाको कृति ***'विश्वमा मानव सभ्यता-जातीय बृहत् इतिहास-संस्कृति र परम्परा'***को परिचर्चा तथा सम्मान गरिएको छ । साहित्यिक पत्रकार संघ र मिलाप म्यागजिनको आयोजनामा भएको कार्यक्रममा सर्जक सुब्बा र नेपाल पत्रकार महासंघ काठमाडौं शाखाकी निर्वाचित अध्यक्ष शोभा अर्याललाई सम्मान गरिएको थियो । दुबैजनालाई समारोहका प्रमुख अतिथि प्रा. डा. गोविन्दराज भट्टराईले सम्मान अर्पण गर्नु भएको थियो ।



साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तेइस सय पृष्ठको 'विश्वमा मानव सभ्यता-जातीय बृहत् इतिहास-संस्कृति र परम्परा' कृतिको परिचर्चामा वक्ताहरूले कृतिका लागि सर्जक सुब्बालाई शुभकामनाका साथै कृतिको चर्चा गर्नुभएको थियो ।

मिलाप म्यागजिनका प्रधान सम्पादक कृष्ण भुसालले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा प्रमुख अतिथि प्रा. डा. गोविन्दराज भट्टराई, विशेष अतिथि प्रा. डा. सुरेन्द्र के. सी., अध्यक्ष राधेश्याम लेकाली, सम्मानित सर्जक टी. बी. चन्द सुब्बा, पत्रकार शोभा अर्याल, महाकाव्यकार खेमनाथ दाहाल, विशिष्ट कलाकारहरू लय संग्रौला, उत्तम के. सी., वरिष्ठ सङ्गीतकार राजु सिंह, गीतकार अमर वान्तु, गीतकार सङ्घका अध्यक्ष वसन्त वित्यासी लगायतले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

प्रमुख अतिथि प्राडा भट्टराईले सर्जक सुब्बाले यस वृहत कृतिको सुरूवातदेखि नै आफूसँग आउने गरेको र आफूले सक्दो सहयोग पुऱ्याएको बताउनुभयो भयो । यस्तै प्राडा केसीले हामीले गर्न नसकेको काम सीमापारिका सर्जकहरूले गरिरहेको बताउँदै हाम्रो राजनीति र समाजिक परिवेश एक अर्काको खुट्टा तान्ने प्रवृति रहेको सुनाउनु भयो । महाकाव्यकार दाहालले साहित्यको सीमा नहुने भन्नुभयो । बरिष्ठ कलाकार संग्रौलाले नेपाली भाषा, साहित्य, कला संस्कृतिका साथै सर्जक सुब्बाको खोज अनुसन्धानमुलक लेखनको चर्चा गर्नुभयो । कार्यक्रम गीतकार तथा निर्देशक गणेश सुवेदीले सजिकरण गर्नुभएको थियो । अध्यक्ष लेकालीले सर्जकले नेपाली साहित्यको उत्थानमा आफूलाई संलग्न गराउनु सर्जक सुब्बाका कार्य प्रशसनिय छ भन्नुभयो ।

सम्मानित सुब्बाले कृतितयारहुँदा सम्मका विभिन्न अनुभव सुनाउनुभएको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सिक्किम च्याप्टरका निवर्तमान उपाध्यक्ष तथा सल्लाहकार रहनु भएका साहित्यकार टी.बी. सुब्बा नेपाली साहित्य परिषद, गान्तोकमा आवद्ध हुनुहुन्छ । विशेष प्रकारको यो कार्यक्रममा साहित्यकारहरू प्रा. डा. गोविन्दमान सिंह कार्की, शरद प्रधान, जनक रावल, डा. दामोदर पुडासैनी, किशोर विश्वकर्मा, डा. शान्तिमाया गिरी, शैलेन्दु चापागाईं, मन्जिला अनिल, कमला रिसाल, डा. बुनु दाहाल, सुधा मैनाली, गीतकार रमेश दाहाल, पत्रकारहरू प्रविन थपलिया, श्रीराम राई, सानुकाजी श्रेष्ठ, सूर्य सुवेदी, गीता अधिकारी, डिल्लीरमण सुवेदी, रिना श्रेष्ठ, भोला अधिकारी, मोहम्मद जलिम, सुरेन्द्र थापा, माधवराज खरेल, कमला जोशी, कलाकार अटल निरोज तथा दुर्गा सुब्बाको उपस्थिति थियो ।




शङ्कर लामिछाने अर्थात प्रसिद्ध निवन्धकार । लामिछानेको ४९औं स्मृति दिवस मनाइएको छ। यस प्रकारका साहित्यिक कार्यक्रममा साहित्यिक पत्रकार संघ सकृय रहदै आएको छ । राधेश्याम लेकालीको सकृयताका लागि साधुवाद ।

# डिआरको भावभित्रका आत्मभाव



*अरूणबहादुर खत्री*

गीतकार डी.आर. का आत्मभाव नामक गीतसङ्ग्रह तेस्रो कृतिको हो । यो गीतसङ्ग्रहमा बाँचौ हामी, तिम्रै लागि, आफ्नै सूरमा, झन्झन् मुटु, कसरी पोखूँ लगायत विभिन्न शीर्षकका १११ वटा गीतहरू सङ्गृहीत छन् । साहित्यको संवदेनशील विधा हो गीत । लामो आख्यानले वर्णन गर्न नसकको कथा एउटा कविताले भन्नसक्छ, र एक पूर्ण कविताले व्यक्त गर्ने भावलाई एकफाँकी गीतले मुटुसम्म पुग्ने गरी च्वास्स पारेर अभिव्यक्त गर्नसक्छ । यस्तै यस्तै हृदयस्पर्शी गीत लेख्ने समकालीन गीतकारमध्ये डी.आर. एक हुन् ।

चित्त लागोस् सबको हितकारी कार्यमा
सत्यको दीप बालेर हिँडौ सही बाटोमा ।

यस सङ्ग्रहभित्रको बाँचौ हामी शीर्षकको पहिलो गीतमा बाँचौ हामी प्रेमले मिलिजुली जगत्मा भलो होस् सबको सुखी रहुन् जीवनमा गीतकार डी.आर.ले लेखेका छन् । कसरी पोखूँ यो खुसीलाई कसरी व्यक्त गरूँ हाँसेर पोखूँ कि नाचेर या त गाएर नै पोखूँ कसरी पोखूँ शीर्षकको गीतमा उनले लेखेका छन् । गीतकार डी.आर. ले प्रेममा आफ्नो कठोर व्यवहारप्रति पश्चाताप र लज्जाबोध पनि गरेका छन् ।

दुःखीको दुःख बुझिदेऊ दैव मेरो यो प्रार्थना
कस्ले सुन्ला नमानी झर्को मेरो यो बिलौना ।

गीतकार डी.आर. लाई साहित्य मन पर्छ । साहित्यिक रचना लेखेर यसमै डुब्न उनी मन पराउँछन् । गीतकार डी.आर. को यसअघि पनि नयाँ मोडहरूमा नामक गीतिसङ्ग्रह र कान्तिपुरदेखि सन्दकपुरसम्म नियात्रासङ्ग्रह र गीतिएल्बमहरू चारवटा प्रकाशित भएका छन् । त्यसो त उनका विभिन्न पत्रपत्रिकाहरूमा गीतहरू पनि प्रकाशित हुँदै आएका छन् । गीतकार डी.आर.का गीतिरचना श्रमिकहरूको पक्षमा, दुःखी, गरिब र अशक्तहरूका पक्षमा पनि रचिएका छन् । लाहुरे संस्कृति, नेपाली लोकजीवन लोकसंस्कृति, चाडपर्व, संस्कार आदिलाई उजिल्याउँदै लेखिएका छन् । हिमाल, पहाड अनि तराई सबै भूगोलका भोगाइलाई समेट्दै समन्वयको संस्कृति विकास गराउनुपर्छ भन्ने सन्देश गीतहरूले दिएका छन् । गीतकार डी.आर. को गीतको प्रकृति वा संरचनाका हिसाबले केही झ्याउरे त केही सनातनी शैलीका भए तापनि समकालीन प्रभावमा परेको पाइदैन । लयबिधानका हिसाबले उनी सचेत नै छन् । डी.आर. को मानवतावादी विचारका गीतमा आफू रित्तिएर अरूको मन भर्नुपर्ने, आफ्नो खुसीको लागि दुःख दिन नहुने, इमान बिर्सन नहुने बिचार प्रकट भएको पाइन्छ ।

आङ् ढाकेँ टालेर टालोमाथि टालो नै थपी
सियोधागो उधारोमा ऋणमाथ ऋण फेरि ।

माया लाउने शीर्षकको गीतभित्र माया लाउने रहर मेरो कहिल्यै पूरा भएन प्रेमपत्र कति लेखेँ बुझी लिने कोही भएन भनिएको पाइन्छ ।

कृतिः आत्मभाव (गीतिसङ्ग्रह),
गीतकारः डी.आर., प्रकाशकः अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, नेपाल च्याप्टर ।

# शब्दहीनमा दृष्टिगोचर गर्दा

कथाकार बुद्धिराज पाण्डेको शब्दहीन नामक कथासङ्ग्रहभित्र उनले लेखेका कुकुरदेखि सावधान, पेन्सन अर्थात् निरूत्तर, म्याडम सांसद, काँतर मान्छे, एक थुँगा गुँरास लगायत विभिन्न शीर्षकका बाह्रवटा कथाहरू समावेश गरिएका छन् । पहिलो कथामा श्रीमान्को चर्को आवाज सुनेर श्रीमती बाहिर निस्किन्छिन् र उल्टिएको टोकरी उठाउँदै भुईभरि पोखिएका आल, टमाटार र केराउका कोसालाई टोकरीमा राख्दै बिचरा ! उसले कहाँदेखि लिएर आएको होला । नमिल्ने भए राम्रै बचनले हुँदैन भने पनि हुन्छ नि यसरी टोकरी फाल्नुपर्छ भन्छिन् । पेन्सन शीर्षकको कथाभित्र मेरी सानी नातिनी सुम्मि मेरा सेताम्मै भएका दारी मुसार्दै सोध्न थाली । मैले उसका अथाह गहिरा आँखाहरूमा आँखा जुधाएर हेरिरहेँ, नियालिरहेँ, उसका आँखाभित्रको गहिराइ र बालसुलभ अविकसित मस्तिष्कबाट तरङ्गित निस्पृह भावहरू हजुरबाले भन्छन् ।




सङ्ग्रहका कथाहरू समाजमा भएका विकृति विसङ्गतिलाई सूक्ष्म विश्लेषण गरी सुधारतर्फ लैजान सन्देश प्रदान गरिएका छन् । यस सङ्ग्रहभित्रका कथाहरू पढ्दा मनलाई झकझक्याइरहन्छन् । मस्तिष्कलाई सचेत गराइरहन्छन् । सरल भाषा, मिठो शैली र सललल बग्ने प्रस्तुतिले पाण्डेका कथाहरूलाई आजको कथा बन्न बल पुऱ्याएको छ । कथाकारलाई जुन घटनाले छुन्छ उनले त्यसलाई टिप्छन् र आफ्नै शैलीमा ढाल्छन् । सम्भवतः त्यसैले पनि आदर्शवादी कथाहरू नै जन्मन पुग्छन् । कथावस्तु र पात्रहरूको प्रस्तुतीको पृष्ठभूमि यथार्थवादी हुन नसकेर आदर्शवादी नै रहेका छन् । म्याडम सांसद शीर्षकको कथाभित्र सांसदज्यू दौराको तुना फुकाल्दै भान्छामै पुग्छन् । उनले आफू सांसद भएपछि आफ्नी श्रीमती रूपकुमारीलाई रूपारानी भनेका छन् । रामायण, तोतामैना र अकबर वीरबलको कथा सानैमा वाचन गर्न सक्ने रूपकुमारी सांसदनी भएपछि महिना दिनमै अङ्ग्रेजी बोल्न र्‍यापिडेक्स इङ्गलिस बुक किनेर छोराछोरीले नदेख्ने गरी रातिराति श्रीमान्सँग सिक्न थाल्छिन् । कथाकार पाण्डेका कथाहरू सरल छन् । सामाजिक विषयवस्तुहरूमा केन्द्रित छन् ।

काँतर मान्छे शीर्षकको कथाभित्र आफूभन्दा निकै कम उमेरकी केटी भएकीले मैले उनलाई तिमी को सम्बोधन गरे । हामी क्षणभरमै चिरपरिचित जस्तै एकदम नजिक भै सकेछौं । साथसाथै लन्च लियौं, लन्च लिने क्रममा उनले आफ्नो सङ्घर्षको कथा भन्न थालिन् भनिएको छ । कथाकार पाण्डेका कथा आजको राजनीतिक बिसंगति पदमा पुगेपछि नेतामन्त्रीहरूमा आउने भ्रष्टप्रवृत्ति, कमिसनको खेललाई बढावा, पदका लागि बाउले छोरीलाई समेत लिलाममा चढाउने जस्तो घृणित कार्यबारेमा लेखिएका छन् । निला आँखा र काइजर स्ट्रासे कथामा आँखाबारे प्रस्तुत दृष्टिकोण प्रभावकारी छ । एसियाली काला आँखालाई दुःखको चिन्ह, सुख समृद्धि र रोमान्स नबुझ्ने आँखाका रूपमा वर्णन गरिएको छ ।

निश्चय नै उनका कथालाई बढी भन्दा बढी पाठकले मन पराउने छन् । उनले लेखेका कथाहरूले मानिस र समाजका विविध पक्षलाई उजागर गरेको छ । यो कथा पढेपछि कथाका पात्रहरू आँखा अगाडि हुंदै मनभित्र बस्छन् । प्रत्येक कथाको विषयवस्तु समाजमा प्रचलनमा आएका सन्देशमूलक कहावत वा कथनी आएका छन्, जुन चित्ताकर्षक बनेका छन् ।

एक थुँगा गुँरास शीर्षकको कथाभित्र कतिबेरसम्म म उपन्यासका पात्रहरूसँगै खेलिरहेँ, घटनाहरूसँग बगिरहेँ, मलाई होसै भएन । एक्कासी मेरो बसाइको अघिल्तिर अलिकति टाढाको दृश्यमाथि अनायासै आँखाहरू जोतिन पुगे कथाकारले लेखेका छन् । यस कथासङ्ग्रहभित्रका कथाहरू समाजमा सकारात्मक सन्देश दिने खालका छन् ।

कथाकार पाण्डेमा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम पनि छ । उनका अधिकांश कथाहरूमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ । उनको कथा लेख्ने शैली सरल र बोधगम्य छ । मझौला आकारका कथा एकै बसाइमा पढेर सकिने छन् ।

कृतिः शब्दहीन, विधाः कथा, लेखकः बुद्धिराज पाण्डे, प्रकाशकः कथाकार आफैं ।

# मुक्तकका प्रयासहरू : आँखा रोएको आँसु पनि गीताका छन्द भयो



छाल र तरंगमा जिएको जिन्दगी
हार्दाको अनुभव लिएको जिन्दगी
साच्चै अत्यन्त मजबुत हुदोरहेछ
मुटु पटक पटक सिएको जिन्दगी ।

**- गंगा दहाल**



बालुवाको महलहरू बनाउँदै गए
लहरहरूले त्यसलाई ढलाउँदै गएँ
ए हजुर ! कसैले आफ्नो बनाएनन्
मैले सबैलाई सदभाव जताउँदै गएँ ।

**- कृष्णबहादुर थापा**



भेट्टाए झै लाग्छ त्यै हराए झै लाग्छ
आज त भन्छु भन्छु हुन्छ डराए झै लाग्छ
मनमा कुरा खेल्छ रिसाइदिन्छौ कि भन्ने,
आजकाल तिम्ले पनि मन पराए झै लाग्छ ।

**- शान्ता खवास**



अनेक बहाना गरेर हेर्दाहेर्दै टारिदियौ
फक्रिन नपाउँदै कोपिला मै झारिदियौ
साह्रै निर्दयी रहेछौ भुलेर जाने निष्ठुरी
निस्चल माया जरै उखेलेर मारिदियौ ।

**- लक्ष्मी नेपाल**



जति नै घोटे तापनि चाँदी कहिल्यै सुन बन्न सक्दैन
दिउँसो उँजालो छरेनि सूर्य कहिल्यै जुन बन्न सक्दैन
त्यसै गरी घमण्डले भरिएको मानिसलाई हेर्नुहोस्,
चाहेनि कहिल्यै खल्लोपन मेटाउने नुन बन्न सक्दैन ।

**- होमा खनाल**



हेर्नको लागि मात्र बनाएको टहरो थियो
नियाल्दै जाँदा हजुर त्यहाँ त पहरो थियो
जिन्दगी यसरी नै अल्झिन्छ भन्ने के थाहा
पार गर्न नसकिने जीवनकै लहरो थियो ।

**- रितु बुढाथोकी**



तिम्रो झूटो माया मलाई फाँसीको फन्दै भयो
तिम्रै छेउ हिड्ने बाटो तिम्रै कारण बन्दै भयो
तिमीले देखाएको बनावटी मायाले होला सायद
आँखा रोएको आँसु पनि गीतका छन्दै भयो ।

**- अर्जुन अधिकारी**



तनाव लिन्छौं गर्भैदेखि दिनरातको किन
जन्मेपछि छोरा र छोरी पक्षपातको किन
समान व्यवहार छैन कहीं, कतै पनि हजुर
बनाएर नारी फेरि थरै नहुने जातको किन ?

**- माया उपाध्याय**



मनका पीड़ा जे जति आफ्नै मुटुमा साँच्ने
संतानका पीड़ा जति सबै पछ्यौरीमा थाप्ने
कतिपल्ट मृत्युको ढोकामा पुगेर फर्किन्छिन्
बन्नै सकेन फित्ता आमाको उदारता नाप्ने ।

**- इन्दु तोदी**



पालैपालो देश लुटिंदा पनि यहाँ कोहिँ बोलेनन्
साँध सिमाना छुटिंदा पनि यहाँ कोहिँ बोलेनन्
कुटो न कोदालो नेताहरूले थुपारे धन सम्पत्ति
महङ्गीले लोक कुटिंदा पनि यहाँ कोहिँ बोलेनन् ।

**- विद्या भण्डारी**



नचलाउँ भन्छु यो मनलाई, उसैले चलाउँछ
ढुङ्गा बनाउँछु यो मुटुलाई, उसैले गलाउँछ
कति भनें यादहरूलाई, नजिस्क्याऊ भनेर
हाँसेर घच्घच्याउन आउँछ, उसैले जलाउँछ ।

**- गीताश्री शर्मा, सिक्किम**



कविता तब मिठो हुन्छ जब त्यसमा छन्द हुन्छ
जीवन तब मिठो हुन्छ, जब मुस्कान मन्द हुन्छ
धेरै फरक छ रोएर जीउनु र हाँसेर जिउनुमा
जहाँ मायाको कदर छ त्यहाँ स्वर्गीय आनन्द हुन्छ

**- रिना बम**

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८१ माघ २२, Feb. 4, 2025




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## भ्रष्टाचारको छानबिन गरौं

राजनीति साह्रै गनायो । भ्रष्टाचार र नेतामा अनैतिकताले गनायो । लोकतन्त्र वेष्ट मिनिस्टर पद्धति हो । यो पद्धति सिद्धान्त र नैतिकताले चल्ने हो । नेपाली राजनीतिमा न सिद्धान्त रह्यो, न नैतिकता । बेलायतमा संविधान छैन तर कसैले सानो भन्दा सानो बेइमानीको प्रश्न उठाइदिए भने कुनै पनि नेताले राजीनामा दिन्छन् । एकपल्ट एक मन्त्रीले ५ पाउण्ड टेक्सीभाडा बढी लिएको देखिदा प्रश्न उठ्यो, प्रश्न उठ्नासाथ ती मन्त्रीले पदबाट राजीनामा दिए । त्यो हो लोकतन्त्र र लोकतान्त्रिक पद्धति भनेको । नेपालमा ०४६ सालपछिको बहुदल होस् कि ०६३ सालपछिको लोकतन्त्र, ठूला ठूला भ्रष्टाचारका काण्डहरू भइरहेका छन् । अब त शिक्षा, स्वास्थ्यमात्र होइन, सामान्यभन्दा सामान्य जनजीवनमा प्रभाव पार्ने सवालमा पनि भ्रष्टाचार भइरहेको छ । यतिबिघ्न गनाएर, सिद्धान्त र नैतिकता गुमाएर नेताहरू लोकतन्त्र लोकतन्त्र भनिरहेका छन्, यथार्थमा लोकतन्त्रकै इज्जत लुटिरहेका छन् ।

विश्वमा नेपाल भ्रष्टाचारी मुलुकको शिर्ष स्थानमा पुगिसक्यो । सम्पत्ति शुद्धीकरणको प्रश्नमा नेपाल ग्रे लिष्टमा घोषणा हुनेवाला छ । यसको अर्थ लोकतन्त्र असफल भयो, संविधान असफल भयो, अझ तीतो कुरा गर्ने हो भने स्थापित पार्टी र नेताहरू असफल भए । अब यिनीहरूबाट देशको कल्याण र देशबासीको हित हुनेवाला छैन भन्ने हो । अझै चेत खुल्दैन ? आफ्नालाई चैन, अर्कालाई ऐन भन्ने व्यवहारका कारणले शासन सत्ता यसरी बदनाम हुनपुगेको हो । हुँदा हुँदा देश नै असफल हुँदैछ । देशलाई असफल पार्ने छुट कसैलाई छैन । देशभन्दा माथि पद्धति अथवा पार्टी होइनन् ।

लोकतन्त्रलाई चलाउने हो भने कसैको अनुहार नहेरी भ्रष्टाचारका ठूला काण्डहरूको छानवीन गर्नुपर्छ । यो हो सुशासनको सूत्र । यो हो राजनीतिक अपराधिकरणको अन्त्य । यो हो विधिको शासनको सुरूआत । यो हो लोकतान्त्र मजबुत पार्ने तरिका । यसतिर कुनै नेताको ध्यान छैन, उनीहरू भ्रष्टाचारको छानबिन गर्नै चाहँदैनन् । किनकि जति पनि शिर्ष पार्टी छन्, शिर्ष नेता छन्, ती सबै भ्रष्टाचारमा डुबेका छन् । भ्रष्टाचारको गन्दकीको छोइछिटो नपरेका त कुनै पार्टीमा नेता नै पाउन सकिन्न । राज्यको निकाय महालेखा परीक्षकको रिपोर्टमा उल्लेखित बाइड बडीको भ्रष्टाचार, थेगीनसक्नको बेरूजु छोपिएको छ । एनसेलदेखि नेपाल ट्रष्टका सम्पत्तिमा भएका भ्रष्टाचार कम छैनन् । ललिता निवासका जग्गा काण्डदेखि ओम्नीसम्मका भ्रष्टाचार भयानक भ्रष्टाचार हो । बुढी गण्डकीदेखि अनेक राष्ट्रिय प्राथमिकताका आयोजनाहरूमा भ्रष्टाचार मात्र छ । ७ अर्वमा बन्नुपर्ने मेलम्ची ३५ वर्षमा ७० अर्व खर्च गरेर पनि आएको छैन । यतिमात्र होइन, ठूला करदाता र भ्याट छली पनि ठूलै काण्ड हुन् । कानुनव्यवस्था भ्रष्टाचारले डुङ्डुङ्ती गनाइरहेका छन् । संवैधानिक निकायहरूमा पनि भ्रष्टाचार व्यापक छ । हरेक नेता, हरेक मन्त्री अथवा प्रदेशदेखि स्थानीय तह सबैतिर भ्रष्टाचारै भ्रष्टाचार छ । भ्रष्टाचारको यो महारोगको उपचार नभएसम्म लोकतन्त्र जोकतन्त्र भइरहनेछ ।

लोकतान्त्रिक पद्धतिलाई मलजल गर्ने र जनजीवन बनाउने हो भने छानबिन र गलत प्रवृत्तिलाई दण्डित गर्नु अनिवार्य शर्त हो । जबसम्म अपराधिकरण र भ्रष्टिकरणले वर्तमान कालखण्डमा जसरी प्रोत्साहन पाउनेछ, तबसम्म नेपालमा सुशासन र लोकतन्त्र दुबै यसैगरी कमजोर हुँदै जानेछ । सिद्धान्त र नैतिकता लोकतन्त्रको लक्ष्मण रेखा हो । यो रेखा जसले नाघ्छ, उसमाथि जो होस्, कारवाही हुनैपर्छ । लोकलज्जा नहुने र चरित्रहीनता देखाउनेले लोकतन्त्र हाँक्न सक्दैन । लोकतन्त्र पद्धति बनाउने कि पतन गर्ने ? यसको छिनोफानो गर्ने बेला भयो अब । ढिलो नगरौं ।

# हाइटीकाजस्ता 'बेबी डक'हरू किन यति धेरै ?




हाइटीका जसता बेबी डकहरू छ्यासछ्यास्ती देखिए लोकतन्त्रमा । नीति र सिद्धान्त, नैतिकता र आरचणले चल्नुपर्ने लोकतन्त्र मार्ने काम बेबी डकहरूले गर्न थालेका छन् ।

विश्व समाचार बनेका प्रचण्ड सिद्धान्त र नैतिकतामा पछारिन १८ वर्ष लाग्यो । प्रचण्डसँग बिस्तारै राजनीतिक जीवन पनि मर्दै गएको देखिन्छ । प्रचण्डका सहयोगी विप्लवहरू जनयुद्ध भन्दै हराएर गए, बैद्यहरू घाटे बैद्य बनेका छन् । बाबुरामहरू गोरखा कि गोरखपुरका छुट्याउनै नसकिने भए । गिरिजा बिते, शेरबहादुर कहिले माओवादी, कहिले एमालेको लौरो टेकेर प्रजातान्त्रिक सिंहदरवारको आँगनमा द्यौसी खेलिरहेका छन् । बहुदलीय जनवाद धनवाद भयो । जबज सत्ताबादी बन्यो । कांग्रेस आफ्नै खुट्टामा उभिनै नसक्ने स्थितिमा छ । चित्रबहादुर अमूर्त चित्र बने, मधेशवादी क्षेत्रीयतामै रमायो । नयाँ पार्टीहरू जुनकिरी पनि बन्न सकेनन् ।

स्थिति यस्तो छ, जो राजनीतिमा छन्, तिनीहरू राजनीतिलाई दुभालिएरको दुन्दुभी बनाएर बजाइरहेका छन् ।

बुलेट क्रान्ति ब्यालेट क्रान्तिमा भ्रष्टाचार डकारिरहेको छ । तिनमा सुगन्ध छैन, गन्दकीमात्र गनाउँछ । यद्यपि बुलेटको धङ्धङ्गे स्वर सुनिन छाडेको छैन । धन र बाहुबलीको हकार पनि बेला बेलामा सुनिन्छ ।

प्रजातान्त्रिक स्वर सभापति देउवाजस्तै मौन छ । उनका सेनाबेना गर्जन्छन्, भ्रष्टाचार लुकाउन मात्र । सूर्य खुब तेजिलो थियो, अस्तायो, अहिले फेरि कांग्रेसको बलमा उदाएको छ ।

ससाना पार्टीहरू मच्चिएका थिए, थच्चिन पुगेका छन् । तिनीहरूले राष्ट्र र जनताको भार बोक्ने छाँट देखिन्न । तिनीहरूले आफ्नै एजेण्डा पनि बोकेका छन् कि छैनन् ? प्रश्न उठेको छ ।

चुनाव भएपछि सरकार बन्छ, संसद रहन्छ । संसदले कानुन बनाउँछ, सरकारले लागू गर्छ । जसले कानुन मिच्छ, उसमाथि कानुनले कारवाही गर्नुपर्ने हो । नियमन र सन्तुलनका लागि खडा भएका संवैधानिक निकाय चलायमान हुनुपर्ने हो । सबै सुतेका छन् । भ्रष्टाचारमा सबैको मिलेमतो छ । राजनीति जता पनि छिरेको छ, अपराधिकरण भएको छ ।

यसकारण सिद्धान्त, नीति र नैतिकता भन्ने सवाल स्यालको सिङ बनेको छ ।

यसरी लोकतन्त्र कति दिन चल्छ ?

कानुन उदासिन हुनपुग्यो । जनताले दण्डदिनुपर्ने हो । जनतालाई पार्टी पार्टीमा बिभाजित गरेर नेताहरूले आफूलाई सुरक्षित कवचमा पारेका छन्, जनताको बंकरमा आफूलाई सुरक्षित ठानेका छन् । ठान्न त श्रीलंका अथवा बंगलादेशका शासकले पनि सुरक्षित ठानेका थिए । अन्ततः देशै छाडेर भाग्नुपर्‍यो । ज्यान बचाउन धौधौ अवस्थामा पुग्नुपर्‍यो ।

अति भयो अब पार्टीका हुन् कि असंगठित नागरिक हुन्, सबैले भ्रष्टाचारीलाई बिदा गरेर स्वतन्त्र र सक्षमलाई स्वागत गर्न साहस देखाउनै पर्ने समय आयो । स्थापित नेतृत्वले केही गर्लान् कि भन्ने आशा मर्‍यो । जनयुद्ध जनआन्दोलनले देखाएको सपना, प्रजातन्त्र र जनवादले छरेको आशा सबै मरिसक्यो । समाजवाद, जनवाद, समानता भनेको त भ्रममात्र रहेछ भन्ने साबित भइसक्यो । राजनीति व्यवसाय बन्यो ।

काम राजनीति, अरू पेशा केही छैन । तर हरेक नेता करोडीमल, अर्वपति, खर्बपति कसरी बने ? यो प्रश्न सबैभन्दा पेचिलो प्रश्न हो । यतिमात्र होइन, कालोधनलाई स्वीस बैंकमा समेत राखिएको छ । यो सबै धन देश लुटेको धन हो । यसकारण पनि भ्रष्टाचारको न्यायिक छानबिन हुनैपर्छ, तबमात्र लोकतन्त्रको जग मजबुत हुनेछ । अन्यथा लोकतन्त्र कुनै पनि बेला जनहावाले उडाइदिने खतरा बढेर गएको अनुभूति हुँदैछ ।

सबै नेपालीमा चेतना रहोस्, चुनावका माध्यमबाट करोडीमल बनेका अनैतिकहरू हाइटीको 'बेबी डक'को अवतार बनिसकेका छन् । बेबी डकका अवतारहरू लोकतन्त्रलाई स्वार्थका लागि मात्र उपयोग गर्छन् ।

नेशनल युनिटी पार्टी, हाइटीको 'बेबी डक' जीन क्लाउड दुभालियर जसले १९७१ देखि १९८६ सम्म १५ वर्ष हाइटी र जनतालाई लुट्नुसम्म लुटे । जनताको बिद्रोहबाट तर्सेर उनी देश छाडेर भागे । फ्रान्समा समेत उनीमाथि मानवाधिकार उल्लंघन गरेको आरोप लागेपछि उनी हाइटी आउन बाध्य भए । हाइटीका अधिकारीहरूले उनीमाथि मुद्दा चलाए । उनीमाथि भ्रष्टाचारको मुद्दा लाग्यो, जेल चलान गरियो । अन्ततः उनी सन २०१४ मा जेलमै मरे । आज पनि हाइटी र विश्वजगतमा दुभालिएरलाई साह्रै बदनाम नेताका रूपमा घृणा गरिन्छ ।

स्थापित नेताहरूले यो इतिहास पढ्न जरूरी छ । यिनको पनि यस्तै दिन आउनसक्छ । किनकि जनतामा जागरूकता आउन थालेको छ ।

२०६३ सालको जनआन्दोलनबाट नेपालमा परिवर्तन भयो । यो परिवर्तनपछि जे भयो, नेतातन्त्र मात्र भयो । जे गरियो, भ्रष्टाचारमात्र गरियो । नीति, सिद्धान्त, नैतिकता राजनीतिमा केही बाँकी रहेन । शासन प्रशासन यिनकै हालीमुहालीमा गयो ।

समाजवादी र जनवादी, समाजवादी र जबजवादी अनेक सरकार बने । १८ वर्षमा १४ सरकार बन्यो । अझै भाग शान्ति जय नेपालमै छ लोकतन्त्र । नेपालको लोकतन्त्रमा जो नेतृत्वदायी भूमिका निभाइरहेका छन्, कुनै नेता सम्मानित छैनन्, सबै भ्रष्टाचार र अनैतिकताले बदनाम भएका छन् । कुनै एउटा नेताको अभिव्यक्ति तिनका कार्यकर्ताले मात्र सुन्छन् । देशले सुन्नैपर्ने एकजना नेता पनि छैनन् । देश अभिभावकविहीन बन्यो ।

देश हो । देश खोजेर पाइन्न, देश रोजेर पाइन्न । देश भाग्यले पाइन्छ । नपत्याए शरणार्थीलाई सोध । युएनएचसीआरको रेकर्ड भन्छ- भुटानी, रोहिंग्याजस्ता जबरजस्ती बिस्थापितको संख्या ८९.३ मिलियन छ भने शरणार्थीको संख्या २७.१ मिलियन छ । यसमा रूस र युक्रेनको युद्ध र अन्य कारणले शरणार्थी बनेका कति छन् कति ?

आफ्नो भन्ने माटोमा उभिनुको गौरव नै अर्कै हुन्छ । त्यो गौरवबारे प्यालेस्टाइन पढ, आफ्नो देशको महत्व कति हुन्छ । १५ नोभेम्बर १९८८ मा अल्जियर्समा पीएलओका तत्कालीन अध्यक्ष यासेर अराफातले प्यालेस्टाइन राज्यको स्थापनाको घोषणा गरेका थिए । १९९३ मा ओस्लो सम्झौतामा हस्ताक्षर भएको एकवर्षपछि पश्चिमी किनार र गाजापट्टी समावेश गरेर शासन गर्न गठन गरिएको थियो । पालेस्टाइन आज पनि इजरायलबाट प्रताडित भइरहन्छ । प्यालेस्टाइन, एक डि-जुर सार्वभौम देश, इजरायलसँग सार्वभौमसत्ता विवादमा छ । १९४७ मा राष्ट्रसंघमा मतदान भयो, १९४८ मा युद्ध छेडियो र प्यालेस्टाइन स्वतन्त्रता घोषणा गरियो । तर आज पनि आफ्नो देशका लागि इजरायल र प्यालेस्टाइन युद्ध-तनावमा छन् । २०११ मा राष्ट्रसंघको सदस्यताका लागि निवेशन दिएको प्यालेस्टाइनले भर्खर पर्यवेक्षकसम्मको मान्यता पाएको छ । विश्वशक्ति अमेरिका, इजरायल, युरोपेली देश स्वायत्त भूराजनीतिक संस्थामात्र मान्छन् । प्यालेस्टाइन विश्व समाजमा छुट्टै निकाय हो, जसको पीडा धेरै गह्रुङ्गो छ ।

नेपाल सभ्यताको विकास भएदेखि स्वतन्त्र देश । अमेरिकाभन्दा ८ वर्षले जेठो मुलुक । यो मुलुकमा लोकतन्त्र छ, लोकतन्त्र नै देश सिध्याउने पद्धति हुनपुगेको छ । कारण, लोकतन्त्रका जो जो नेतृत्वमा छन्, तिनीहरूलाई देशप्रति गर्व छैन । तिनीहरूमा नीति, सिद्धान्त, लोकलज्जा छैन । पुर्षा र माटोप्रति गर्व गर्दैनन् । राष्ट्रको माटोलाई धुलो सम्झन्छन्, राष्ट्रिय झण्डालाई एक धरो थोत्रो कपडा सम्झन्छन् । २ सय वर्ष अंग्रेजको गुलाम बनेर १९४७ मा स्वतन्त्र भएको भारतलाई थाहा छ, स्वाधीनता र सार्वभौमिकताको महत्व । त्यही भारत नेपाललाई आफ्नो सुरक्षा छातामुनी राख्न चाहन्छ । नेपालको अस्तित्वमा धावा बोल्नेहरूको लोलीमा बोली मिसाउन अग्रसर वर्तमान नेतृत्व नेपालको अस्तित्वको दुश्मन बनेको छ ।

वीर बिराङ्गानाले निर्माण गरेको राष्ट्र केही पार्टी र नेताको सत्ता र शक्ति स्वार्थको बली चढ्न थालेको छ ।

लोकतन्त्र छ, भ्रष्टाचारमा डुबेको छ । बाघको अनुहार पर्दैमा बन बिरालो कहिल्यै बाघ हुँदैन भनेको यही हो ।

हाम्रा नेताहरू जसरी पनि चुनाव जित्ने, शासन गर्ने, शक्तिशाली बन्ने, हैकम चलाउने अवसरवादी चरित्रमा रत्तिएका छन् । जनादेश होइन, षडयन्त्र यिनको शक्ति बनेको छ ।

देशको भूमिकाका लागि, सार्वभौमिक अधिकारका लागि दिल्ली सम्झौताको विरूद्ध ००७ सालमा डा. के. आई. सिंहले बिद्रोह गरेका हुन् । मातृकाप्रसाद कोइरालाका अनुसार नेपालको अनुमति नै नलिई दुईपल्ट भारतीय सेना नेपालमा पस्यो । भीमदत्तको हत्या भारतीय सेनाले गरेको हो । भीमदत्तलाई मारेपछि भारतले कसैलाई नेपाली राष्ट्रवादको प्रतीक भएर उठ्नै दिएन । भीमदत्तपछि महेन्द्रले राष्ट्रवादी युद्ध लडे, २०२८ सालपछि महेन्द्रजस्तो अर्को नेता जन्मिन सकेन । यसकारण लोकतन्त्र विदेशीले उभ्याइदिएको बुख्याँचा मात्र बन्यो ।

नालापानीको युध्द लड्दा युध्द मैदानबाट गुञ्जिएको थियो : 'यो नेपाली शिर उचाली...' भन्ने युद्धगीत । यो गीत लोकतन्त्रले प्रतिगामी सूचीमा राखेको छ, रेडियोमा बज्दैन । भारतको दास बनिसकेको नेपाली राजनीतिको मूलनीति भनेको भारतलगायतका शक्तिराष्ट्रको इसारामा चल्ने, लम्पसार पर्ने, सत्ताधारी बन्ने, शक्तिशाली हुने मात्र हो । केही वर्षदेखि उत्तर र पश्चिमाले पनि नेता नचाउन थालेका छन् । यही हो हाम्रा नेताहरूको राष्ट्रियता । विश्व रङ्गमञ्चमा सवल नेपाल नीति र विश्वसनीयतामा झन झन कमजोर बन्दै गएको छ ।


राजनीतिक मैदानमा नेपाल मेरो देश हो, मेरो देशको सीमा यति हो भन्न सक्ने कुनै नेता नै छैनन् । यिनका लागि देशभन्दा माथि यिनको सत्तास्वार्थ छ । व्यक्ति स्वार्थमा लोकतन्त्र चल्दैन ।






एमाले, कांग्रेस, माओवादी, केपी ओली, शेरबहादुर देउवा र प्रचण्ड- शीर्ष पार्टी र शीर्ष नेता यिनै हुन् । यिनीहरू पटक पटक सत्तामा गए, देशले केही पाएन । जीवन र राजनीतिको उत्तरार्द्धमा यिनले के दिनसक्छन् अब ? यिनीहरूमा नीति, नैतिकता, सिद्धान्त केही पनि बाँकी छैन, यसकारण यिनले केही दिन सक्दैनन् । अन्य जातीय, क्षेत्री, भेगीय नेतामात्र होइन, पार्टीबाट लखेटिएका र टुक्रिएका नेताले के दिन सक्छन् र ? देशको भविष्य अन्धकार पो देखिन थाल्यो ।

# भारतको गणतन्त्र हात्तीको देखाउने दाँतजस्तै



सुरेशकुमार पान्डे

भारतले ७६औँ गणतन्त्र दिवस भव्यताका साथ मनायो। शुभकामना। यो दौरान भारत केन्द्रशासित प्रदेश र प्रदेशहरूले बिभिन्न कार्यक्रमहरूको प्रदर्शन गरेर मनाउने चलन छ। त्यही अनुसार मनाएका छन्।

देखावटी रूपमा भएपनि राज्यहरूले स्थानिय भाषाहरूलाई मौका दिएका हुन्छन्। त्यही द्वौरानमा अहिले प्रवाशी नेपालीहरूलाई पनि हिमाचल राज्यले सम्बोदन गरेको छ। रक्तिम परिवारको गीत र नृत्यलाई पनि सम्मान गरेको खबर छन्। लामो संघर्ष पछि नेपाली भाषालाई भारतमा मान्यता दिएको छ।

खास गरेर नयाँ नयाँ टेक्नोलोजी, हात हतियार र आफुले गरेका नौलो आविस्कार प्रदर्शन गर्ने, कला र राज्यहरूका प्रतिभा र आफ्नो शक्ति दुनियाँलाई देखाउने उनिहरूको उदेश्य पनि रहँदै आएको छ।

आफ्नो देशलाई अखण्ड राख्नु राम्रो हो। भारत आजद भएपनि भारतिय श्रमजिवि वर्गहरूले आजादिको अनुभव गर्न पाएका छैनन् भने पनि फरक नपर्ला। आजपनि भारतमा अंग्रेजहरूको हातबाट भारतिय धनीहरूको हातमा शक्ति केन्द्रीत छ। हिजोका दिनहरूमा अंग्रेजले शासन चलाएका थिए र धनीहरू उनैका दलाली गरेर बाँचेका थिए। आज धनाड्यहरूले राज गरेका छन्। गरिबहरूको अबस्था उस्तै छ।

देश पुँजिले धनी छ, अन्नको भण्डार छ, उत्पादनमा बृद्धी भएको छ। तर सामाजिक चिन्तनमा खासै परिवर्तन आएको देखिदैन। देशका अनेकौं सहरहरूमा गास बास कपासका लागि देह व्यापारमा होमिएका लाखौं महिंलाहरू असहाय अबस्थामा छन्। रूढीवादीलाई प्रचुर प्राथमिकता दिने गरिन्छ।

प्रत्येक सहरहरूमा लाखौं लाख भिख मागेर जिवन यापन गरेका छन्। तेस्रो लिङ्गियहरूको अबस्था उस्तै जटिल छ। उनिहरू आजपनि सडकमै छन्।

देशका ठुला-ठुला सहरहरूमा बिना छानोका फुटफाटमा रात गुजारनेहरूको भारतमा कमि छैन। यद्यपि देशले पुँजिमा फट्को मारेको छ। श्रमजीवी जनताहरूको अबस्थामा खासै सुधार देखिदैन।ठुलाठुला धनीहरू सँग देशको अधिकाँश जमिन छ। जसले दिन रात पसिना बगाएर अन्न उब्जाएका छन्। उनिहरूको भागमा उत्पादनको आधालाई सय प्रतिशत मानेर पाँचौं हिस्सा पनि मुस्किलले पर्छ। उनिहरू सपरिवार खेत बारीमा काम गर्दा खान र लगाउन पनि मुस्किल पर्छ। खास गरेर बिहार, बंगाल, आसाम, मेघालय, मणिपुर, त्रिपुरा आदि जस्ता राज्यहरूमा अहिले पनि लाखौं किसानको अबस्था दयनीय छ। उत्तराञ्चल, झारखण्ड जस्ता राज्यहरू गरिबीको चपेटमा छन्। जातिय बिभेद अहिले पनि प्रशस्त मात्रामा देखिन्छ।

भारतमा सुरूसुरूमा विदेशी व्यापारीहरूको आवत जावत सुरूभयो। विस्तारै कुनै न कुनै कम्पनीले भारतका राज्यहरूमा आ आफ्नो प्रभूत्व जमाउन थाले। विदेशी कम्पनिहरूको कुनै जमानामा होडनै थियो। भारत लामू समयसम्म अंग्रेजको अधिनस्त रह्यो। करिब एक सय वर्षसम्म त अंग्रेजकै बिरूद्धको बलिदानीपूर्ण शंघर्ष पछि भारत सन् १९४७ मा आजद भएको थियो। त्यो वेला भारत अंग्रेजहरूको बिचमा कतिपय सम्झौता अनुसार नै भारतले आजादी पाएको थियो। शुभाषचन्द्र बोश, चन्द्रशेखर आजाद, सुखदेब, राजगुरू मङ्गल पाण्डे लगायतका क्रान्तिकारीहरूको रगतले सिंचेर भारतले आजादी पाएको हो। आजद हिंद फौज, स्वराज आन्दोलनको हुँकारले सुतेका जनतालाई जगायो।

कयौं नेताहरूले अंग्रेजकै रोहबरमा संम्विधान मसौदा कमिटि गठन गरेका थिए। त्यो सम्विधान सभा भित्र नै जातिय बिभेदलाई मलजल दिनेकाम गरियो।

जो भारतको आजादी सँगै पाकिस्तान् टुक्रियो। मोहमद अलि जिन्नाले पाकिस्तान अलग गराउनमा ठुलो भूमिका खेले। परिणाम १५ अगस्त १९४७ मा भारत र १४ अगस्त १९४७ मा पाकिस्तान छुट्टा छुट्टै देश बने। जातीय बिभेदकै कारण भारत टुक्रा भएको हो।

नेहरू, क्रमचन्द गान्धी, बल्लभभाइ पटेल, राममनोहर लोहिया आदि नेताहरूले पनि देशको आजादीमा आ आफ्नो भूमिका निर्वाह गरेका थिए। कसले कुन रूपमा गर्यो त्यो छुट्टै बिषय हो।

भारतको सम्विधान् तैयार पार्न डा.भिमराव अंबेड्करको महत्वपूर्ण योगदान रह्यो। जसले कुल २ वर्ष ११ महिना र १८ दिनमा अर्थात ९दिसम्वर सन्१९४६ बाट २६ नोभेम्वर सन्१९४९ मै सम्विधान् तैयार पारेका थिए। त्यो वेला भारत अर्ध सङ्घीय साशन प्रणालिमा आधारित कुल १३ राज्यहरूमा बिभाजित थियो। भारत स्वतन्त्र हुनुभन्दा पहिले कैबिनेट मिशन १९४६ को स्थापना गरियो। जसले भारतको लागि निम्न लिखित योजना तैयार पारेको थियो।

(१) ब्रिटिश भारत र प्रान्तहरूलाई मिलाएर भारतको एउटा सँघ हुनुपर्दछ, र केही राष्ट्रिय हितका बिषयलाई छाडेर सबै प्रान्तिय अधिकार भित्र हुनुपर्छ।

(२) भारतमा ब्रिटिश सरकारको प्रभुसत्तालाई समाप्त गर्दिनुपर्छ।

(३) भारतिय रियासतहरूलाई यसको छुट हुनुपर्छ, यिनिहरू यो संघमा सामिल हौन वा स्वतन्त्र रहुन्। त्यसबारेमा त्यो वेला स्वतन्त्र रहन मिल्ने सङ्घीय व्यवस्था तैयार पारेपनि पछि त्यसलाई अघोषितरूपमा खारिज गरियो।

(४) एउटा अन्तरिम सरकारको तत्काल स्थापना गर्नुपर्दछ, जसलाई भारतका सबै दलको समर्थन प्राप्त होस्।

(५) सम्विधान बनाउनका लागि सम्विधान् सभाको निर्वाचन तुरून्त हुनुपर्छ। कैविनेट मिसनको प्रस्ताव स्विकार गरियो। सम्विधान सभाको निर्वाचन पनि जुलाईमा सम्पन्न भयो। यसपछि भारतीय प्रान्त माथि रहेको ब्रिटिश हुकुमत समाप्त भयो। अगस्त १९४७ मा भारतिय स्वाधिनता अधिनियम १९४७ लागुभयो। यसरी भारतबाट करिब २०० वर्ष भन्दा पुरानो ब्रिटिश दासताको अन्त्य भयो। केबिनैट मिशन योजना अनुसार नवम्बर सन् १९४६को सम्बिधान सभाका सदस्यहरूको निर्वाचन गरियो। कुल २८६ सदस्यबाट २११ सदस्य काँग्रेसका र ७३ स्थानमा मुश्लिम लिगले प्राप्त गरेको थियो भने बाँकी स्थान रिक्त रहे। सम्विधान सभाको निर्वाचनपछि पहिलो बैठक ९ दिसम्बर १९४६ ई.मा बस्यो। त्यही बैठकमा जटिल समस्याहरू उत्पन्न भएका थिए।

त्यो मध्य पहिलो सिमा निर्धारितको थियो भने आर्कोतिर मूश्लिम लीगले सम्विधानसभाको बैठकमा भाग नलिने निर्णय गरेको थियो। त्यसकारणले पनि उनिहरूमा ठुलो समस्या पैदा भयो। जुन ३ सन् १९४७ मा मूश्लिम लीगको स्थिती सम्पष्ट भयो, उनिहरूले देशलाई बिभाजन गराई अलग पाकिस्तान बनाउन चाहान्थे। यो उनिहरूको स्थिति सुस्पष्ट भैसकेपछि मोहमद अली जिन्नाको पार्टी मूश्लिम लिगका ७३ सदस्यहरूको भारतिय सम्विधानमा कुनै अस्तित्व र महत्व रहेन। जे गरे पनि बाँकी २२३ जना सदस्यिय कमेटिले गर्नुथियो। जस्मा २११ काँग्रेसका थिए। यसरी संम्विधान सभाकै दौरान भारत र पाकिस्तान दुइ देश बने। सम्विधान सभाका सदस्यहरूले सन् १९४७ को अधिनियमकै अनुरूप कार्यगर्न प्रारम्भ गरे। पाकिस्तान बटवारामा सहमती बनेपछि कैबिनेट १९४६ को बन्दीश समाप्त भयो। त्यसैले उनिहरूले डा.भिमराव अंबेड्करको अध्यक्षतामा प्रारूप समिति गठन गरियो। सम्विधान सभामा सम्विधान प्रारूप राखियो, सम्विधानसभाका ११ अधिवेशनहरू भए। तीन वर्ष नपुग्दै सम्विधान तैयार भयो। पछि २६ जनवरी सन् १९५० मा यसलाई पारित सम्विधानको दर्जा दिइयो।

भारतिय समाजको रचना जातीवाद जाती भेदको आधारमा भएको पाइन्छ। भारतमा न केवल हिन्दू वल्की मूशलमान पनि अनेक जातीहरूमा विभाजीत छन्। प्रत्येक जातीभित्र उपजातहरू पनि भेटिन्छन्। भारतमा पनि हाम्रो देशमा जस्तै सामाजिक जातीवादको सबैभन्दा घिनलाग्दो रूप छुवाछुत नै हो। छुवाछुतको प्रथा हो जो समाजमा एउटा कलंक हो। यहाँ पनि राजनीतिक नेता सत्ता प्राप्त गर्नका लागि जातिय संगठनको प्रयोग गर्दै आएकाछन्।

जतीवेला भारतको सम्विधान लागु भयो, त्यसको आर्को वर्षको सन् १९५१ जनगणनानुसार ७७१ भाषा एव्.कयौं स्थानिय भाषा मौजुद थिए। अहिले त १६ सय भन्दा पनि बढी भाषाहरू बोलिन्छ। सम्विधानमा १८वटा भाषालाई मान्यता छ। सम्विधान लागु भएको केही समय पछि यसकुरालाई जोडदार रूपमा दवाब दिन थालियो की भारतका राज्यहरूको सिमाना भाषाको आधारमा बनाइयोस्। सन् १९५२ मै तेलगू भाषिहरूले आन्दोलन पनि गरे जस्को परिणाम स्वरूप सन् १९५३ मा भाषाकै आधारमा आन्द्रप्रदेश राज्यको स्थापना भएको हो। यसपछि देशका बिभिन्न भागहरूबाट पनि यस्ता प्रकारका मागहरू हुनथाले। त्यसलाई मध्यनजर राखेर भारत सरकारले सन् १९५३मै राज्य पूनर्गठन आयोगको गठन गर्यो। यही आयोगको सिवारिस अनुसार सन् १९५६मा संसद द्वारा राज्यपूनर्गठन बिध्यायक पास गरियो। जसको अनुसार भारमा १४राज्यहरू ६ सङ्घीय क्षेत्रको स्थापना गरिएको थियो। यसैको आधारमा सन् १९६० मा मूम्बै राज्यको बिभाजन महाराष्ट्र र गुजरात राज्यको स्थापना भयो। १९६२मा नागालैण्ड राज्यको स्थापना भयो। १९६६ मा पञ्जाबको बिभाजनपछि हरियाणा अलग राज्य बन्यो। १९७१ मा हिमाचलप्रदेशलाई पनि राज्यको दर्जा मिल्यो। मणिपुर त्रीपुरा, पनि छुट्टै राज्य बनाइयो। पछि मिजरम र अरूणाचल प्रदेश र गोवालाई राज्यको दर्जा दिइयो।

सिक्किमको अलग्गै बिशेषता छ। सिक्किम सिधै कसैको उपनिवेश थिएन एउटा स्वतन्त्र राष्ट्र हो। जो सन् १८९० को सन्धिको अन्त्य चीनी सामन्ती सम्राटको साझेदारीमा अंग्रेज सिक्किमको प्रभूत्व स्थापित गर्न सफल भयो। भारत सरकारकै देख रेखमा सन् १९७४मा बिधानसभाको चुनाव भयो। बिधान सभाको ३१ जना सदस्य जो भारतकै द्वारा २० जुनमा बिल ल्याइयो जसलाई ४ सितम्वर सन् १९७४मा भारतिय २२औं राज्यको रूपमा सामिल गराइयो। त्यसमा जम्मा एकजनाले बिरोध गरेको इतिहास भेटिन्छ।

यसरी सिक्किम एउटा स्वतन्त्र राष्ट्रबाट भारतको एउटा प्रान्तमा मर्ज हुनपुग्यो। भारतमा जातिय र भाषाको आन्दोलनलाई राजनीति दलहरूले उक्साउने र उनिहरूको मागलाई चुनावी मूद्दाको रूपमा लिने गर्दा अहिले १४राज्यबाट २९ राज्यमा बिभाजित भएकाछन्। जो केही वर्ष पहिले तेलङ्गाना राज्य बनेको थियो। सिक्किम सन् १९५०को सन्धि अनुसार भारतिय अधिकारीलाई हटाउँने अधिकार तत्कालिन राजा च्वगेलबाट खोसिएको थियो। बिस्तारै भारतियहरूको हालिमोहाली भयो। उनिहरूले जसरी भारतको आजादीमा बनाएको आयोग थियो त्यसलाई लत्ताएर उनिहरू सङ्घमा सामिल हुने वा नहुँने अधिकारका कुरा हात्तिका देखाउने दाँत भए। पछि कश्मिरबाट पनि अधिकार खोसियो।

अहिले भारतको केन्द्रमा बिजेपीको सरकार छ। भारतमा २९ राज्य र सातवटा केन्द्र साशित प्रदेशहरू छन्। भारत वर्ग किलो मिटर ३२८७२६३ मा फैलिएको छ। नेपाललाई तिन तिरबाट घेरेको र साना ठुला १८/२०नाकाहरू छन्। भारतको जनसंख्या लगभग १अरब ४२ करोड ५७ लाख ७५हजार ८५०जती पुगेको भनिन्छ।

नेपाललाई अल्पमतमा पार्न भारतमा रहेका भिखारीहरू सबै आए पुग्छ। नेपाल जस्तो सानो र थोरै जनसङ्ख्या भएको देश अत्यन्तै सजग र सचेत भएर अखण्ड रहिरहनु पर्दछ। छिमेकी देशहरू सङ्ग सन्तुलन मिलाइ राख्नु नितान्त आबस्यक हुन्छ।

भारतको आजादीमा नेपालीहरूको पनि महत्वपूर्ण योगदान थियो। अहिलेको भारतले नेपालीको त्यो अमूल्य योगदानलाई भुल्यो। नेपालीहरू जो जती भारतिय भूमिमा बसोबास गरेकाछन्। अप्रवाशी जमिन सँगै गएकाहरूपनि प्रवाशी सरह नै बनेर बस्नु परेको छ। टिष्टा देखुन सतलजसम्म नेपालको भूभाग अहिलेपनि भारतियहरूको कब्जामा छ। सुगौली सन्धिबाट नेपालको ठुलो भुभाग सँगै नेपालीका मूलबासीहरूसँग गरिने व्यवहार सौतेलो प्रकारको छ। आज भारतमा नेपालीहरू नेपाल र भारतको शान्ती तथा मैत्री सन्धिको तहत गएकाहरूको समेत उक्त सन्धिनुसारको व्यवहार हुनसकेको छैन। भारत जसले विश्वको सबैभन्दा शक्तिसाली गणतन्त्रको वकालत गर्दै हिंडेको छ उनिहरूको देशमा पनि हिन्दु बाहेकका अन्य जात धर्मावलम्बीहरू सँग बिभेद छ। छिमेकी मूललाई उनिहरूले सधै हेय दृष्टिकोण अप्नाउँदै आएकाछन्। जतिसुकै गणतन्त्रको वकालत गरे ता पनि उनिहरूको उदेश्य दक्षिण एसियामा आफ्नो हिन्दुत्व लाद्ने नै हो। नेपालले धर्म र जातिय आधारमा राजनीति गर्नु सबैभन्दा ठुलो आत्मघात हुने छ। कालापानी, लिपुलेख र लिम्पियाधुरालाई भारतले जसरी पनि नछाड्ने निति अप्नाउदै आएको छ। नेपालका शासकहरू उनिहरूकै गीतमा छम छम नाचेका छन्। केही देशभक्तहरू अहिलेपनि शंघर्षरत छन। गणतन्त्र कुण्ठित अबस्थामा छ।

# लोकतन्त्र भन्नु भ्रममात्र हो

केवल दलको उपस्थितिलाई मात्र प्रजातन्त्र परिभाषित गर्ने प्रयत्न भइरहेको छ। जनताको अधिकार भनेको केवल दलहरूले दिएका उम्मेदर मध्ये कसैलाई छान्नु मात्र भएको जस्तो परिभाषा गरिंदैछ। निर्णय प्रक्रियामा जनताको प्रत्यक्ष भागिदारी फिटिक्कै नभए पनि त्यसलाई लोकतन्त्र वा प्रजातन्त्र मानिनु पर्ने आग्रहले दुराग्रहको सीमा छोएको छ। लोकतन्त्र वा प्रजातन्त्र जे नाम दिए पनि त्यसमा लोकसम्मती हुनै पर्ने हो।

पञ्चायतकालमा दलमा प्रतिवन्ध भए पनि त्यसका भातृ संगठनका रूपमा अनेकौं संगठनहरू कृयाशिल थिए। ज्यादा जसो विद्यार्थी संगठनहरू भए पनि विभिन्न पेशागत संगठनहरू वास्तवमा पेशागत हकहित भन्दा आफ्ना माउ पार्टीको राजनैतिक वर्चश्व बढाउन कार्यशिल थिए। आजका दलहरूमा त्यस्ता विद्यार्थी संगठनहरू, पेशागत संगठनहरू आदिबाट आएकाहरूको बाक्लो र निर्णयक उपस्थिति छ। तर अनौठो कुरा के छ भने पञ्चायत प्रणालीमा राजनीतिको साथै आङ्गनो काम पनि दक्षतापुर्वक गर्ने ती व्यक्तिहरू दलीय प्रणालीमा भने असफल प्राय भएका छन। तात्कलिन नतिजाप्रधान कार्य सम्पादन आजको दलिय भागबण्डामा भने त्याग तपस्याको भत्ता सरह भएको छ। नागरिक हुँदाको भावनात्मक एकता भत्केर व्यक्तिगत सम्वन्धमा पनि असर गर्ने गरेर दलिय विभाजनमा जनता विभक्त भएका छन्।

जव निर्वाचनमा जनता राम्रो हैन हाम्रो दललाई मतदान गर्नुलाई दवाव हैन कर्तव्य ठान्ने हुन्छन प्रजातन्त्र वा लोकतन्त्र नेतातन्त्रमा परिणत हुन्छ। जनताको अधिकारको उपभोक्ता दल हुनुलाई लोकतन्त्र परिभाषित गरेको राजनीति शास्त्रका कुन भागमा छ त्यो सर्वसाधारण जनतालाई थाहा हुने कुरा भएन। विशष कामको निमित्त विशेष कुरागर्न जनताले प्रतिनिधि चुन्ने हो। यस्ता प्रतिनिधि हुन चाहनेहरूको समुहले दल वन्ने हो। कुनै व्यक्ति भन्दा उसको समुहमा कसैलाई पनि चुने ती सबैले एकै किसिमको काम गर्नेछन् भन्ने सजिलोको निमित्त दलहरू हुन्। प्रत्येक दलले आङ्गनो सिद्धान्त, नीति तथा कार्यक्रममा आफ्नो यो चिनारी राखेको हुन्छ।

वास्तवमा दलहरू जनताको अधिकारका उपभोक्ता होईनन्, जनताको निश्चित काम गर्ने ठेकेदार मात्र हुन। यो कुरा भुलेर जव जनताका अधिकारहरूको उपभोक्ता दलहरू हुन थाल्छन अनि दलमा संग्रह भएका ती अधिकारको वास्तविक उपभोक्ता भने शिर्ष नेताहरू हुन पुग्छन्। आफुले जेजस्तो निर्णय लिए पनि आफ्ना समर्थकहरूले विनाकुनै प्रश्न त्यसलाई मान्नु पर्दछ भन्ने सोच हावी हुन्छ। नेताहरूको सेण्डिकेटले वहुलवाद मर्न गएको छ जो प्रजातन्त्रको आत्मा हो। जनताको छान्न पाउने अधिकारमा हस्तक्षेप र जनाधिकारको हरण भएको छ। उपलब्ध जो छानेपनि केही शिर्ष व्यक्तिहरूको सहमतीले नै नागरिक तिनको व्यक्तिगत स्वार्थ पुरा हुनसक्ने विकल्पमा जान विवश हुन्छन्।

प्रजातन्त्र भनेको अधिकारको उपभोक्ता सिधा जनता हुनु हो। विकृत दलिय व्यवस्थामा संविधानले अधिकार उल्लेख त गर्छ तर यसको उपभोग गर्ने बाटो राख्दैन। अनि व्याख्या गरिन्छ, जनतले आफ्नो अधिकार दलहरू मार्फत उपभोग गर्ने हो। यो भन्नु नै जनताको अधिकार खोसेर नेताहरूलाई जिम्मा लगाउनु हो। वर्तमान संविधानमा जनताको अधिकारका लामा सुचीहरू छन। अनि प्रत्येकमा 'तर' भनेर प्रतिवन्धात्मक वाक्यांश छ। यो दाहिने हातले दिने बायाँ हातले खोस्ने काम हो। यी सबै कुराको आधारमा पुनर्मूल्याङ्कन जरूरी छ।

प्रिय अप्रिय जे लागे पनि यो पुनर्मुल्यांकनले भन्छ सत्रसालको कदम यहि प्रवृतिको विरूद्धमा थियो, जनताको अधिकार जननिर्वाचितको दम्भमा आफैले उपभोग गर्ने तर्फ लम्केको सोचलाई त्यसले रोकेको थियो। आफ्नो घरको नजिकै जनप्रतिनिधि भेटिने र उनिहरूले आफूखुशी हैन जनताको चाहाना बमोजिम काम गर्नुपर्ने सोचको स्थापना भएको थियो। यो स्थानीयता र प्रतिनिधिहरूको दल निरपेक्षताको कति महत्व हुने रहेछ भन्ने कुरा स्थानिय तहको निर्वाचन पछि सबैले अनुभुत गरेका छन्। यदि स्थानिय तहका प्रतिनिधिले दलको अनि शिर्ष नेताको आडमा काम गरे भने जनताको कुन बेहाल हुने रहेछ भन्ने उदाहरणहरू देखा पर्न थालेका छन। त्यसैले सत्रदेखि दुईबर्ष लगाएर निर्माण गरिएको व्यवस्थाको जग जन सहभागितामा आधारित पाईन्छ। प्रतिनिधिहरूमा दलहरूको छुट्टै अधिकार र वर्चश्व निषेधित भेटिन्छ। त्यसैले नियमित रूपमा वार्डसम्मको निर्वाचन हुन आवश्यक भयो। मतदाता समेत सामेल हुने गाउँसभा, वार्डसभा नियमित हुनै पर्ने व्यवस्था सहभागिता मुलक प्रणाली हो। आफ्नो ठाउँमा केकस्तो आवश्यकता छ भन्ने कुरा स्थानीयहरू संलग्न छलफलबाट तय गर्दा निर्णय प्रक्रियामा जनता सामेल हुन पाए। त्यसैले आफुलाई आवश्यक नपर्ने आयातित योजना लागु भएन। जुन योजना वाहिरबाट आयो त्यसको बारेमा स्थानीयले निर्धक्क छलफल गर्न पाए। अहिले त्यस्तै केही छैन।

प्रजातन्त्रको पयार्यवाची भनिएका दलहरूले जनतामा छलफल गर्ने त कुरै छैन। बरू कानुनले वाध्य बनाइको आफ्ना सदस्यहरू बीच गर्नुपर्ने अधिवेशन पनि जतिसक्यो त्यति टार्न खोज्छन्। भातृ संगठनहरू वा निर्वाचित स्थानिय तहहरू नेताको मर्जिमा विगठन हुन पुग्छन्। तदर्थ व्यवस्थाको रूपमा त्यहाँ आफ्नो अनुकुलका व्यक्तिहरूलाई पद सुम्पने काम नभएको उदाहरण पाउन कठिन छ। यसरी नेताले सबैको अधिकार अपहरण गरेर आफ्नो पोल्टामा हालेको वर्तमानको अभ्यास के हो ? प्रजातन्त्र भनौ वा लोकतन्त्र भनौ मिल्दैन, किनभने त्यहाँ प्रजा वा लोकको कुनै भूमिका छैन। दलतन्त्र भनौ स्विकार गर्दैनन्। यो वास्तवमा नेताहरूको 'सिण्डिकेट' हो। नेताहरू लोकतन्त्र भनेर भ्रम छरिरहेका छन्। - *स्वयम्भुनाथ कार्की*

# संसदमा जायज प्रश्न

संसद्मा अमरेश सिंहले प्रश्न उठाएका छन्- प्रदेश प्रमुखलाई किन चाहियो काठमाडौंमा क्वार्टर ? उनले यस्तै फजुल खर्चले ऋणभार बढेको हो, विकासमा लगानी नभएको हो। उनका अनुसार डाँडा डाँडामा भ्यूटावर र काठमाडौंमा प्रदेश प्रमुखलाई क्वार्टर आवश्यक नै छैन, यो अनुत्पादक लगानी हो।

सत्तारूढ दलहरूले जतिसुकै बखान गरे पनि सरकारले तात्विक सुधार केही गर्न सकेको छैन। उनले कांग्रेस र एमालेले जताततै कार्यकर्ता भर्ती गरेको बताए।

धुम्रपानको सेवनले स्वयं आफू, आफ्नो परिवार र वातावरणलाई नै श्वास-प्रश्वास रोगी बनाउँछ।

धुँवा, धुलो, मट्टितेलको खारबाट जोगिनु नै आकस्मिक श्वास-प्रश्वास रोग लाग्न नदिनु हो।

श्वास फेर्न गाह्रो हुनु, ज्वरो उच्च हुनु र कोखा हान्नु श्वास-प्रश्वास रोगका लक्षण हुन्।

श्वासप्रश्वासमा समस्या देखापरेमा नजिकको स्वास्थ्य संस्थामा तुरून्त सम्पर्क राख्नुपर्छ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौडा, तनहुँ

## In the Context of Eradicating Rheumatic Heart Disease (HRD) Heart Disease Screening , Treatment and Counseling Camp at Kushadevi Secondary School Panauti Municipality

# Exemplary Pains-taking Constant Efforts of Nepal Heart Foundation Kavre Banepa (Part Two)

**By Uttam Karmacharya.**

**Dearest Tika Bhakta Bhochhibhoya**
**Chairperson,**
**Nepal Heart Foundation, Kavre**

**1 Recapitulation**
I am very happy to go through the latest document of Nepal Heart Foundation Kavre Banepa Branch 2080/81 published to commemorate the 31 Nepal Heart Foundation Kavre Banepa celebration and 30th Annual General meeting focusing specially the activities of the Kavre Heart Foundation Banepa distributed in Jhapaa Central Nepal Heart Foundation 2081 annual Conference . I am equally happy to know the eight extension units of Nepal Heart Foundation Kavre Branch : Pankhaala Unit, Sipaaghaat Unit, Naalaa Unit , Kushadevi Unit , Bethaana Choka DhungaKarga Unit, Kanlaati Bhumidhaadhaa Unit, Panuti Unit and Subaa Gaaun Unit with related Committee members and list of life members.

Once again , First of all I wish to express my heartfelt and long left appreciation and congratulation to the team led by you / present enthusiastic team and as a chairperson of the foundation for getting the first outstanding foundation award of the year 2080 BS. We are very proud of the team and painstaking efforts of the Foundation undertook for the last around 30 years.

2. Rheumatic Heart Disease (HRD) Heart Disease Screening , Treatment and Counseling Camp at Kushadevi Secondary School Panauti Mumucipality

Nepal Heart Foundation Kavre district branch organized in collaboration with Rotary Club of Dhulikhel, RCC Pipalchaur, RCC Kushadevi, Dhulikhel Hospital, Popular Health Society, Castle Hill Rotary Club at Kushadevi Campus building on 2081 Magh 10, Thursday. Heart Screening test of arthritis for 395 students from 6 years to 16 years, Eco test of 78 students was successfully conducted . Child/ Pediatric cardiologist of Dhulikhel Hospital Dr. Anish Joshi and the doctors under his leadership have had the heart screening done by the paramedical team. Eight students were referred to Dhulikhel Hospital along with giving necessary advice in the same one-day Bath Cardiological Screening Test Camp. Chairman Shree Tika Bhakta Bhochhibhoya, and Central Member Shree Ashok Kumar Shrestha, Board of Director of Dr. Iwamura Memorial Hospital Professor Dr. Uttam Krishna Karmacharya (Ph.D), Vice President Mr. Siddhibahadur Karmacharya, Secretary Mr. Harisharan Shrestha, Treasurer Ms. Rampyari Shrestha, Joint Secretary Mr. Satyanarayan Shrestha, Member Mr. Bishwanath Tamrakar, Head of Popular Health Society Mr. Tulsi Manandhar, former President of Nepal Red Cross Society Kavre, Mr. Som Prasad Humagai participated in the introductory meeting. The school Principal Mr. Madhav Prasad Dahal had given a welcome speech. Chairman Shree Tika Bhakta Bhochibhoya had informed about the rationale, justification and benefits of the camp of the program. In the meeting Assistant Principal Mr. Manoj Adhikari and Anish Joshi had set their opinions regarding the importance of Heart Screening Camp . The coordinator of the camp Shree Laxman Humagai played a valuable and effective role locally in conducting the camp. Around 133 school students were provided sexual and reproductive education as a special program in the camp.

3. Traces of my memories sorcery going through the latest document published through Nepal Heart Foundation Kavre Banepa 2080/81 to commemorate the 31 Nepal Heart Foundation Kavre Banepa celebration and 30th Annual General meeting event distributed in Jhaapa Central Nepal Heart Foundation Annual general Assembly

1. Eight extension units of Nepal Heart Foundation Kavre : Naalaa 101; Sipaaghaat life members 52; Panchkhaala life members 167; Kushdevi life members 26; Bethanchok life member 26; Kalanti Bhumidandaa life member 70 and Subba gaaun Panuti life member 17
2. Greetings and Message by the chairperson Mr. Tika Bhakta Bhochhibhoya
3. Annual Report of the secretary Mr. Hari Saran Shrestha Summary of the 29 AGM
4. List of latest Skill training and other 8 activities conducting this year
5. Financial awards and certification
6. Financial donation around Rs.75,000 ( by Ms. Barbara ( around 40 thousand ), Rakesh Chandra Prajapati ( around 20 thousand) and around 15,000 from the Banepa Municipality
7. Memorable greetings and congratulatory messesses of the Nepal Heart foundation Central office by Dr. Satya Narayan Suwal ; Respectable Mayor of Banepa Municipalility Shanti ratna shakya ; Respectable Prakash Kayastha , Chairperson , Patanjali Yog Samiti Kavre ;and Anish joshi , chairperson Kiwanis Club of Kavre Banepa
8. List of past president and present executive members
9. List of advisors and NHF Kavre founder and other members around 403 life regular members
10. List and photos of Pankhaala Unit, Sipaaghat Unit, Naalaa unit , Kushadevi Unit , Bethaana Choka DhungaKarga Unit, Kanlaati Bhumidhadha Unit, Panuti Unit and Subaa Gauan Unit with related Committee members and list of life
11. Better collection of valuable articles from different walks of life specially written by students and staff ,
12. Good collection of advertisement for financial support.
13. Mobilization of more than 31 numbers of Partners and well-wishers ( page 26)
14. Transparent financial report of the Treasure Mrs. Ram Pyari Shrestha
15. List of 32 late life members and heartfelt condolences for the eternal peace of their depalted soul in the heaven
16. Late Bimal Lal Siku Shrestha fixed deposit Rs. 5,80,000 donated by 24 persons ( page 54)
4. Preface of the Past Recapitulation

As I used to participate mostly in the annual function of the Foundation in Benepa ,it was my privilege to attend 30th establishment anniversary and 29th General Assembly amid huge gathering attended by the chief guest Dr. Satya Narayan Suwal , Chairperson, Nepal Heart Foundation Headquarter Lalitpur Patan

The Nepal Heart Foundation (NHF), Kavre Branch established in 2051 B.S. (1995 A.D), during the tenure of the mayor-ship of Late Ram Bhakata Kokh- shrestha. We still remembered our team visit to Bir Hospital for the establishment of Heart Foundation of Kabhre Banepa led by Late Mayor Ram Bhakta KoKh- shrestha to get support from Cardiology Unit led by Dr. Khadka and Dr. Thapa several times. Dr. Khadka served as a founder cardiologist to start Heart Foundation of Kabhre Branch Banepa several years starting from 1995. We used to visit Dr. Khadka in connection with the cardiac checkup of Late Ram Bhakta Kokh-shrestha time to time .

Then after Dr. Prakash Raj Regmi supported and supporting the foundation to date in different capacities both in the central Headquarter Lalipur Patan and fields of Kabhre district including eight sub-foundations / branches.

5. Past Memories
The first and founder chairperson Late Mayor of Banepa Municipality served as a foundation chairperson from 2051 to 2056 BS starting from Adhoc Committee formed in 8 Chaitra 2051.
The second Foundation chairperson Mr. Hari Bhakta Bhochhibhoya served from 2057 to 2073 BS. The third third chairperson late Bimal Lal Siku-shrestha served as a chairperson from 2074 to 2075 BS.
The fourth Chairperson Mr. Ashok Shrestha severed as a chairperson of the foundation from 2076 to 2080 .
Mr. Tika Bhakta Bhochhibhoya was elected as the present fifth chairperson of the foundation. Let us congratulate him for his grand success to lead the team in the days to come ahead with innovative efforts.

**6. Major and minor highlights of the passed days**
The foundation has determinedly worked towards the prevention and management of heart-related diseases, with a particular focus on Rheumatic Heart Disease (RHD). There are many significant steps made by NHF Kavre in its RHD Control Program, shedding light on the dedicated efforts and impactful initiative undertaken. Founded 29 years ago,NHF Kavre has grown to incorporate with eight sub-branches, boasting a life nmembership of more than 856 individuals as of today.
The Kavre Branch actively collaborates with the Social Welfare Council and engages in health services related to heart and overall cardiac health
Recognizing the complications and cost of cardiac treatments, NHF Kavre initiated the RHD Control Program over 29 years ago.
Regular campaigns and awareness programs have been conducted in different VDCs of Kavre, Dolkha and Ramechhap district including Banepa, Naalaa, Panchkhal, Namobuddha ,Sipaghat, Panauti, Bethanchowk, Manthali, Dolkha and Dhulikhel.
These efforts extend beyond raising awareness. NHF Kavre, Banepa organized comprehensive healthcare services, such as health camps, screenings, and informative awareness campaigns aimed at preventing and managing RHD.
RHD Control Program is the mobilization of medical Professionals and volunteers from various fields of experties. Expertise like senior pediatric cardiologists like Dr. Prakash Raj Regmi, Dr. Anish Joshi (Dhulikhel Hospital), Dr. Arun Gupta(Scheer Memorial Hospital), Dr. Rahul Shrestha, Dr. Shreeya Shrestha, and Australian Rotarian and Dr. Joseph Canalese has been supporting throughout our camp. They have been actively engaged in health camps, examinations, and consultations, contributing significantly to the early identification andtreatment of RHD cases and referals.
Thousands of school-going children in Kavre, Dolkha, Sindhupalchowk, Ramechhap, Banke and Sindhuli Districts have undergone screenings. Many have undergone echocardiographs, and ECG with a notable number identified for immediate medical attention and referrals. It is found that the foundation got success to check around 5526 patients; conducted ECHO examination for 13068 and ECG formore than 964 students including 315 referral cases in the past .

**7. Ten memories / heights lights of my visit to Kushadevi last week**
1. My first Visit to Kushadevi 25 years back with late Mayor Ram Bhakta Kokh- shrestha inconnection with the campaign to eradicating illiteracy for theVDC Kushadevi
2. Second visit Panutee Municipality ward no. 3 building in connection with closing Ceremony of the student internship closing ceremony and meeting with Chairman Sapkota and elected ward members.
3. Visit to Kushadevi Secondary School and Campus whole day during the Heart Foundation Camp conducted in last week dated 10/10/2081
4. Meeting eldely friends ; Respectable Som Humaghai ; Respected Mr. Bishwhow Tamrakar because of Shidhhi Karmacharya.
5. Meeting School Head teacher Mr. Madhab Pd Dahal and all teachers / staff during morning first hour time of morning assembly
6. Welcome program was very short and sweet amid morning assembly with a welcome speech by the principal mr. madhab pd dahal. and key note wpeech by NHF Kavre Banepa Mr. Tika Bhakta Bhochhibhoya
7. My first visit to Nepal Heart Foundation Kavre team in the field under the new Chairperson Mr. Tika Bhakta Bhochhibhoya
8. My first chance to take a round to Kushadevi Visit around Kushadevi; I felt myself visiting next to Srilankan new settlement . Congratulation to Panuty Municipality Kushadevi
9. Visit to Trout Fish farming with a team of Ashok Shrestha and Foundation team members
10. Launch with Fried Trout fish in the school for the first time and meeting with Proprietor Mr . Joshi, the café proprietor of the school.
11. Meeting with the sponsoring different organizations printed in the flex displayed on that day od screening program.
12. **Panauti** (Nepali: *(L$@ ) is a municipality in Kavrepalanchok District in Bagmati Province of Nepal located 32 km Southeast of the capital Kathmandu. The town is currently listed as a UNESCO heritage site since 1996.

It is to be noted that the first part of my article on Heart Foundation was published in Gorkha Express weekly dated.May 07 2024 under the titled " The Nepal Heart Foundation (NHF) Kavre Branch – An Exemplary Overview " as Part One.

*(Professor Dr. Uttam K. Karmacharya (Ph.D) presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Karmacharya of Tribhuvan University was a former Resource Person for China (Unesco Nanjing), Denmark, World Education, Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, The Philippines, SriLanka, Thailand, (Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) ACCU Japan / Nepal and Director, Center for Education for All (CEFA) Banepa Nepal; and Consultant Advisor of Banepa Municipality and Bhaktapur Municipaly)*






# Smash And Grab

*By Sunanda Datta Ray*

The spirit of resistance found expression in the Sikkim Students' Association's Declaration of Independence on 26 January 1975, the twenty-fifth anniversary of India's Republic Day, It was a fanciful' document, more idealistic than practical, but it emphatically captured all that more timid people would have liked to proclaim. Condemning the 1974 Act as "designed to perpetuate the subjection and exploitation of the Sikkimese people and to strengthen the hold of Indian imperialism on Sikkim", the six-paragraph manifesto asked: "Would the people of India have foregone their independence for two seats in the British Parliament¿" Hem Lal Bhandari, a cherubic youth with some understanding of law but innocent of politics, was arrested in Darjeeling while distributing copies of the declaration. Complaining that the Indian police had no right to imprison a Sikkimese for speaking out in his country's defence, Gangtok commented that even the British did not inhibit the many Indian nationalists who used to freely advocate their cause in Britain.

The palace could not hope to escape being penalized for such flashes of resistance. Gurbachan Singh ordered the Chogyal to confine the Guards to his own compound: they were not to be posted at the homes of the Gyalum, Prince Jigmed Tenzing and Princess Coo Coo la because, he wrote, their presence was an affront to the people. Lal then turned his attention to preventing the crown prince from attending the Bhumchu festival at Tashiding where the oracle of sanctified water annually predicts Sikkim's future: his presence was expected to encourage nationalists. Warned not to go, Tenzing retorted that if the chief executive had inside information of any danger, he should share it with the palace. The prince then set out, but had to return from Kewsing when he learnt of plans to gherao him in the Rawang guest-house.

Good-looking, clean-limbed, and fresh from Cambridge, combining the English public schoolboy's suave charm with the graciousness of an Oriental prince, Tenzing was then 23 years old. Unusual in a sturdy young Sikkimese of wealth and position, he did not drink, smoke, or philander; an occasional thumba of chhang being the extent of his indulgence. The crown prince also provided a lively contrast to his father, reduced to a greying vision of shyness and stammering, his features marked by repeated disappointment. The Chogyal was increasingly a victim of deep melancholy; he spent hours in solitary puja either in his bedroom or in the small upstairs chapel in the palace, and talked often of retiring to a monastery. There was little bitterness in his conversation but always a sense of pain at the deception of friends like T. N. Kaul whom he had trusted, at the mockery of Kewal Singh's promises, and at his betrayal by Mrs Gandhi whom he continued to admire and respect. Their machinations left him bewildered and unhappy for he could not understand what powers India did not already have and hoped to gain by absorbing his kingdom. Nor was the heavy irony of New Delhi's attentions lost on the ruler who suddenly found he was treated to elaborate honours whenever he went to India. Before 1973, his visits, except when in state to New Delhi, were private occasions, meriting no more then a single plainclothes security guard. But after the riots, and especially after the passage of the 1974 Act, he could not stir in Calcutta without an embarrassingly lavish escort. Much to the consternation of everyone else in the building, he once casually dropped in at my tiny rooftop fiat with pilot jeep, motorcycle outriders, the Indian and Sikkimese flags fluttering on his limousine, and two Ambassadors and a black maria, all packed with policemen, following. West Bengal, apparently, had strict instructions to hedge him in with overpowering ceremony. It might have pleased the Chogyal once when he still entertained dreams of sovereignty, but after 1973, he saw it only as gilding on the bars of his confinement. contd...

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# हिजोदेखि आज पनि रअ कै चलखेल

सही गर्ने बेलामा गृहमन्त्री गच्छेदार बहाना बनाएर बाहिरिए । तीनजनाले सही गरेको कागज आफ्नो नाम थपेर दूतावास पठाउनका लागि गच्छेदारले हातमा लिए । गच्छदारले सो कागजलाई आधिकारिक नबनाईकन राजदूतलाई खुसुक्क हातमा राखिदिए । एउटा जासूसले सरकारी निर्णयको उतार दिए सरह । राजदूतले विज्ञप्ति निकाले । विज्ञप्तिमा भनिएको थियो- "नेपालस्थित आफ्ना एकजना कुटनीतिज्ञले मधेशमा आन्दोलनकालागि राजनीतिक दलहरूलाई उक्साएको भनी आएका खबरहरू झुठा हुन्, भारतले अस्वीकार गर्दछ ।" भारतीय बिदेशमन्त्रालयका प्रवक्ता सइद अकबरूद्दिनले भने- "संचार माध्यममा आएका खबरहरू भ्रामक एबं गलत छन् । त्यस्ता खबरले नेपाल र भारत बीचको मैत्री सम्बन्धबाट ध्यान अन्यत्र मोड्न खोजिएको छ ।" नेपालको सरकारी स्रोतले ती विवादित कूटनीतिज्ञको कार्याबधि सकिएको र दिल्ली फर्कन लागेको मात्र जानकारी दिए । त्यो पनि अनौपचारिक रूपमा । आधिकारिक रूपमा भारत मात्र बोल्यो, नेपाल बोल्दै बोलेन । पहिलो कुरा यस्तो विरोध औपचारिक रूपमा सरकारले गर्नंपर्ने हो । दलले जन आवाजका मात्र प्रतिनिधित्व गर्छ । त्यो सरकारको बोली हुँदैन । दोश्रो कुरा कार्यावधि सकिएर गएको भन्दैमा राष्ट्रमा विप्लव गराउने काम गरेको अभियोगमा कार्वाही नै नगर्ने भन्ने हुँदैन ।

यी सत्तामा बसेका चारै दलका नेताले राष्ट्रघाती काम गरेको र विदेशीको दलाली गरेको ठहर्दछ । तल्ला तहका नेताले आफ्ना नेतालाई कार्बाही गरेर निकाल्न नसक्नु दलभित्र आन्तरिक प्रजातन्त्र नहुनु हो, तानाशाही हुनु हो ।

तीन ठूला दल (माओवादी, काँग्रेस र एमाले) विवादित कूटनीतिज्ञको फिर्तीको मागबारे पत्रकारले सोधेको प्रश्नलाई सइद अकबरूद्दिनले प्रतिकृया दिन इन्कार गरे र भने - 'दलहरूले के भनिरहेकाछन् भन्ने कुरामा हामी प्रतिक्रिया दिन्नौं । नेपाल सरकारले भन्यो भने मात्र हामी प्रतिक्रिया दिन्छौं ।' नेपाल सार्वभौम मुलुक भएर पनि यहाँका जनताले चाहे अनुसार गर्न नपाउनु र बिदेशीले जे चाहे त्यही गर्ने र नेपालका सत्तामा बसेका नेता निरीह भएर उनका गोटी मात्र हुने गरेको कुरा नेपाली मात्रको दुर्भाग्य हो । भारतको जनता दल युनाइटेडका महासचिव के.सी. त्यागी र समाजवादी नेता विजयप्रतापले भारतीय कुटनीतिज्ञबाट आएको अभिव्यक्ति सही भएको तर त्यस्ता अभिव्यक्तिले सम्बन्ध बिथोल्न कुनै असर नपर्ने बताएका थिए ।

ड्राइपोर्टको व्यवस्थापन भारतले लिएपछि नेपालको अर्थतन्त्र दिनहुँ गिर्दै आएको छ । अरूहरू खण्डले थप तथ्य पुष्टि गरेका छन् । भारतीयले नेपालको अर्थतन्त्रको संवेदनशीलतामाथि हालिमुहाली गरिरहेका छन् । नेपालले ५ वटा ड्राइपोर्ट बनाउनुको मूल आशय के थियो भने नेपालले पाँचै ठाउँबाट बन्दरगाहसम्म सिधै नेपाल रेल चलाउने भन्ने थियो । भारतले चाहेको खण्डमा बिचमा नक्कली र अवैध काम हुन नपाऊने भनेर भारतले नेपालरेलका वाइगनमा सिल गर्न पाउने ताकि बिचमा भारतीय तस्करले सामान छिराउन र वराल्न नपाऊन्, नसकून् । नेपालले निर्यात गर्ने सामान नेपाल ड्राइपोर्टबाटै नेपाल ट्रेनमा लोड गर्ने र त्यसलाई कहीं नरोकी सिधै बन्दरगाहसम्म जान दिने र नेपालकालागि ल्याइएका सामान त्यही रेलबाट बिना रोकटोक र अवरोध नेपाल भित्र्याउने भन्ने थियो । यसो भए नेपालको सामान भारतले ढुवानी गर्ने प्रश्न पनि रहेन नेपाली ट्रक र सीलबन्द कन्टेनर नेपालीलेनै बोक्न पाउनु पर्ने भन्ने नेपालीको मागको कुरा पनि रहेन । बिचमा ढिलो हुने, अवरोध हुने, घूष खुवाउनु पर्ने जस्ता सबै अवरोध हट्ने र त्यसबाट ४० प्रतिशत सस्तो हुनेभएबाट नेपालको उद्योग धन्दाले विश्वव्यापार गर्न प्रतिस्पर्धा गर्न सक्ने सार थियो । त्यसलाई तुषारापात गराईदियो भारतले, सौथ डेस्कले, 'रअ' ले ।

०००

कसरी बनाउन समुन्नत नेपाल ?

समस्याको पहिचान र समाधान

माथिका अध्यायहरूमा नेपालको आर्थिक उन्नति किन हुन सकेन भन्नेबारे धेरै विवेचना गरिएको छ । आज मुलुक भिल्लको देश भएको छ । सबै श्रोत भएर पनि त्यसलाई व्यवस्थापन गर्ने खुबी राख्दैन । हीनताभाव राख्छ । पश्चिमा पूजिपतिलाई महान ठान्छ । अपनत्वमा विश्वास राख्दैन । आफै वैदिक संस्करको गुरूभएर भारतलाई सिकउनुको साटो १३१८ वर्षदेखी विदेशीको दास भएको, संस्कार, संस्कृति र स्वाभिमान गुमाएको भारतलाई नेपाली दल नेताले मार्गदर्शक गुरू मान्दछ, कान्छो भाइलाई दाइ मानेको छ । नेपाल सरकारले मुलुकका प्राकृतिक श्रोतसाधन आफूले परिचालन गर्दैन, भारतीय र विदेशीलाई दिन्छ, त्यो पनि उनकै सर्तमा । नेपालको आर्थिक नीति र प्रकृया भारतको निर्देशनमा हुन्छ । नेपाली उद्योग ब्यापारको मध्यस्थता भारतका ब्यापारीले गर्छन् ।

नेपालको हिमाल, हिमालको जल र वन, वनपैदावर र जडिबुटीहरू रोजगार र आर्थिक उन्नतिका लागि ठुला श्रोत हुन् । हिमाल एकाधिपत्यप्राप्त पर्यटन र प्राकृतिक रूपको जरिबुट श्रोत हो, तर यी सबै अव्यवस्था, अनभिलेख र नीतिहिनताका कारण दुरूपयोग भएका छन् । त्यस्तै छ मानवश्रोत, जल श्रोत, हिमाल श्रोत र पर्यटन श्रोत । नेपाल १८ प्रकारका मौसमी विविधताको देश हो । दुई मौसमको युरोप र मध्यपूर्व चार मौसमको ओसिनिया र अमेरिकासंग तुलनै हुन सक्तैन । पर्यटन विश्वकै पहिलो श्रोत हुनसक्ने अवस्थामा छ ।

अतः यसले विदेशीको निर्देशनमा हैन तिनलाई निर्देशन गर्ने क्षमता राख्नुपर्दछ । त्यो राख्न ज्ञान चाहिन्छ जुन हाम्रोलाई पश्चिमाले मासिदिएकाछन् । यहाँ नमिल्ने पद्धति पश्चिमाको लदाईदिएका छन् । त्यसलाई बुझ्ने क्षमता सत्ता चलाउने कसैमा पनि पाइँदैन । हजार वर्ष पहिलेदेखि गुमेको हाम्रो क्षमतालाई बढाउने ज्ञान, शीप, क्षमता, खूवी, आँट, साहस, धैर्यता नहुनु आजको समस्या हो । गरिवी र अचेतनता हाम्रा मुख्य समस्या हुन् । हामी गरिब छौं त्यसकारण अर्धचेत छौं, हामी अर्धचेत छौं, त्यसकारण गरिब छौं । त्यसबाट कसरी उम्कने यस खण्डमा केही उपाय खोजिएका छन् ।

किन पन्पदैन नेपालको उद्योग व्यवसाय, किन हुँदैन नेपाल समृद्ध, किन बढाउन सक्तैन रोजगार संख्या र उत्पादकत्व जस्ता सवैसवालको उत्तर हो भारतको नेपालप्रतिको प्रबृत्ति र नेपाली शासकको अक्षमता । भारतकै कारणले जलस्रोतको विकास चाहेजस्तो गरी गर्न सकिएको छैन । नेपालका सबैखाले उद्योग स्वतन्त्र रूपमा प्रतिस्पर्धामा उत्रिन सकेका छैनन् । पर्यटन उद्योग मौलाउन सकेको छैन । मौलिक रूपमा विकास गराइएका गलैंचा, पस्मिना र गार्मेन्ट, सिगरेट, जुट । कपास, धागो उद्योगहरू पनि भारतीयहरूको घूसपैठ तथा नक्कली कारोबारी हस्तक्षेपका कारणले धराशायी हुँदै गएका छन् । भू-परिवेष्ठित देशले पाउनुपर्ने सुविधामा पनि नकारात्मक प्रभाव परेकोले ढुवानी दोब्बर महंगो छ ।



डा. शास्त्रदत्त पन्त

स्वतन्त्र रूपमा राष्ट्रलाई अगाडि बढाएर आत्मनिर्भर गराउने राजा वीरेन्द्रको विकास प्रयत्नलाई भत्काउने काममा इण्डिया प्रत्यक्ष रूपमै संलग्न रह्यो । दलहरूलाई भारतको आशीर्वाद नपाई सत्तामा बस्न सकिँदैन भन्ने त्रासदी छ । दल फुट्ने र जुट्नेमा भारतमुखी हुने र नहुनेबीचको अडान छ । स्वतन्त्र अस्तित्व कायम गर्नु भनेको राजा वीरेन्द्रको आत्मनिर्भर हुने पथमा हिंड्नु थियो । त्यस समूह वा दललाई नेका र एमालेले खुलेआम र राप्रपा र सद्भावनाले नेपाललाई सार्वभौम, आत्मनिर्भर, समुन्नत र प्रबुद्धहरूको देश बनाउन नेपालको राजनीति विभाजित मनस्थितिमा हुने पद्धति नै हुँदैन ।

नेपालको आजको दूरावस्था हुनुमा के कारण हो भने कुनै पनि दलीय सरकारले भारतको निर्देशन बिपरित, भारतको आशय नबुझी काम गरेको पाइँदैन । नेपालको सरकार नेपालको हो कि भारतको, निराकरण गर्न कठिन छ भन्छन्, आम जनता । यी तलका नमुना उदाहरणले यो कुरा थप प्रष्ट हुन्छ ।

(क) नेपालमा वार्षिक ८ अर्ब औषधिको माग छ तथा १५ प्रतिशतले वार्षिक रूपमा वृद्धि भइरहेको छ । त्यसको ६५ प्रतिशत हिस्सा इण्डियाबाट आयात गरिन्छ । इण्डियन औषधि आयात गर्दा त्यसमा भ्याट लाग्दैन तर नेपाली औषधि उत्पादकले लेभल सिसी जस्ता बस्तु आयात गर्दा भ्याट लाग्दछ ।

(ख) ८० प्रतिशतभन्दा बढी नेपालीको जीवन निर्भरता कृषिमा छ । कृषिमा वंशज सीप छ । बाख्रा पालन आइमाई केटाकेटीले पनि गर्न सक्तछन्, खेर जाने समय सदुपयोग गर्न सक्तछन् । नेपालमा मासुका लागि मात्र वार्षिक ८ अर्ब बराबरका पशु भारतबाट आयात गरिन्छ । पशु ल्याउँदा कुनै कर वा भन्सार लाग्दैन तर पशु पाल्दा चाहिने दाना, औषधि जस्ता वस्तु आयात गर्दा भन्सार र भ्याट लाग्दछ । स्थानीय सरकारले पनि कर लदाउँछन् ।










# नेपाली सुन : यार्सागुम्बा र युरेनियम

डा.विनिता-

किरा अर्थात यार्सागुम्बा टिप्ने मौसमलाई पनि ४ वर्ष केरोनाको कहर लाग्यो । कोरोनाका कारणले धेरैलाई पिरल्यो, मार्‍यो र आवतजावतलाई रोक्यो । यार्सा फेरि चर्चामा छ ।

यार्सागुम्बा भनेको हिमाली भेकमा पाइने ढुसी र झुसिल्किरा एकै ठाउँमा जोडिएर रहेको बस्तु हो । यसमा ढुसी र झुसिल्किरा परस्परमा आश्रति भएका हुन्छन् । यार्सागुम्बाको जीवनचक्रका सम्बन्धमा बनस्पतिविदहरूका अनुसार यो ६ महिना किरा र ६ महिना बनस्पति भएर रहन्छ । त्यसरी हेर्दा बनस्पति जिवित रहे प्राणी मर्ने र प्राणी जिवित रहे बनस्पति मर्ने अचम्म देखिन्छ ।

यार्साका बीऊहरू उम्रेपछि यिनका जराहरू झुसिल्किराको शरीरमा फैलन्छन्, त्यस समयसम्म झुसिल्किरा हिडडुल गरिरहेकै हुन्छ । यसरी यो बनस्पतिको जराहरूले झुसिल्किरालाई पुरै ढाक्दै गएपछि झुसिल्किरा जमिनभित्र गएर मर्छ । झुसिल्किरा जमिनमा मरिसके पछि यार्सा बनस्पतिले आफ्नो आहारा त्यही झुसिल्किराको शरीरबाट लिन्छ र यार्सा विकसित हुन्छ अर्थात माटो माथि जिवित रहन्छ, माटो मुनी मर्छ । माटो माथिको बनस्पति माटोमुनिको प्राणीको टाउकोबाट पलाएको हुन्छ यसको रङ कालो हुन्छ, जसको टुप्पोमा सानासाना प्वालहरू हुन्छन । ती प्वाल भित्र लामा लामा थैला हुन्छन् र प्रत्येक थैलामा मसिना मसिना लामा लामा बीऊ हुन्छन् । यार्सागुम्बा यही हो ।

यार्सागुम्बा हिमाली भेगमा बर्षभरि पाउन सकिन्छ । विभिन्न बनस्पति सम्बन्धि पुस्तकमा यार्सागुम्बाका १०० भन्दा बढी प्रजाति रहेको उल्लेख छ । तीमध्ये जापानमा ३० वटा, ब्रिटेनमा १२ वटा, भारतमा ७ वटा चीनमा २१ वटा प्रजातिका पाइन्छ । नेपालको सन्दर्भमा अध्ययनै भएको छैन । विश्वभरिबाट आएका माँग हेर्दा माथिल्लो गुणस्तरीय यार्सा नेपालमा मात्र पाइन्छ ।

कोर्डिसेप्स साइनेन्सिस जातका यार्सागुम्बा नेपालका ताप्लेजुङ, संखुवासभा, दार्चुला, बझाङ, बाजुरा, जुम्ला, हुम्ला, मुगु, डोल्पा, मनाङ, सिन्धुपाल्चोक, रसुवा, दोलखा जिल्लाहरूमा पाइन्छ । अन्य जातिका यार्सा त अन्यत्र पनि पाइन्छ ।

हिमाली भेगमा लामाहरू यार्सागुम्बा धर्मात्मा मानिसहरूले मात्र भेटाउँछन् भन्छन् र कतिपय लेकबाट औषधि बेच्न आएका मानिसहरूले यासार्गुम्बा भनेर झुक्याएर औषधि बेच्ने गरेको पनि पाइन्छ तर वास्तवमा यार्सागुम्बा च्याउ जस्तै भेटिने बस्तु हो तर के कुरा चाही सत्य हो भने पहिला एउटा भेट्न चाँही निकै समस्या पर्छ । एउटा भेटिए पछि अरू सजिलै पाउन सकिन्छ किनभने अरू यार्सागुम्बाहरू आपसमा वरपर रहन्छन् भन्ने विश्वास छ । नेपालमा यार्सागुम्बाको अस्तित्व पौराणिक कालदेखि नै छ तर अन्तर्राष्ट्रियकरण गर्ने श्रेय सन् १९५२ मा ब्रिटिस म्युजियम लण्डनको तर्फबाट बनस्पति संकलन गर्न आएका पोलुनिन साइकल र विलियमलाई जान्छ । उनलाई धन्यवाद दिनुपर्छ ।

यार्सागुम्बाको बहुप्रयोग हुनथालेको छ । यो ओखती पनि हो । अहिले विश्वमा कामवासना उत्पादन गर्ने जडी ओखतीका रूपमा यार्सालाई लिन थालिएको छ । नेपालको यो बहुमूल्य बनौषधिको सदुपयोग गर्न सके हिमाली भेगका जनताको आर्थिक स्तर उकास्न सकिन्छ ।

यार्सा टिपेका गाउँलेलाई दुःख दिने लुट्ने, तस्करहरूले सताउने र स्थानीय सरकार र सुरक्षाकर्मीले पनि अप्ठेरो पार्ने गरेका छन्, यसतिर हेर्न र जनतालाई सकस नदिन सरकारले उचित सुरक्षा कदम चाल्नुपर्ने आवश्यक छ ।

नेपालमा उच्चस्तरीय युरेनियमको खानी छ । युरेनियमका कारणले पनि विदेशीहरू नेपालमा आकर्षित भइरहेका छन् । नेपाललाई आइएनजीओको नाममा सहयोग गरेर तिनीहरूकै माध्यमबाट विदेशीहरू नेपालका खानीहरूको अध्ययन अनुसन्धान गरिरहेका छन् । यस्तै अध्ययन र ट्रेकिङमा आएका पोलुनिन र विलियमले यार्चागुम्वा पत्ता लगाइदिए । जहास्, नेपालको हिमाल र पहाड बुद्धि पुऱ्याउने हो भने पर्यटन र जडीबुटीका कारण धनाढ्य बन्ने स्रोतले परिपुष्ट छ । तथापि हामीसँग विवेक छैन ।



समृद्ध नेपाल र सुखी नेपाली बनाउने उर्जा सडकमा पोखिरहेका छन् । योभन्दा दुर्भाग्यपूर्ण अवस्था के हुन्छ ? देश विकास गर्ने साधनस्रोतले धनी मुलुक, प्रकृतिले स्वर्गै खन्याइदिएको छ, तर हामीले आफैलाई चिन्न सकेनौं र सभ्य सम्पन्न मुलुक बन्ने बनाउनेतिर ध्यान दिएनौं । हाम्रो ध्यान खाली व्यक्तिस्वार्थमा सिमित हुँदा नेपाल र नेपाली विदेशी हस्तक्षेप गर्ने मैदान बन्नपुग्यो ।

अब सबैले सोच्ने बेला आयो, अब पनि सोचिएन भने अवेर हुनेछ र हामी गरीबमाथि गरीब हुँदै जानेछौं । त्यसैले हामीले आफ्नै साधनस्रोतलाई चिनेर यसको अधिकतम उपयोग कसरी गर्न सकिन्छ भनेर बहस गर्न र कानुनसहितको योजना बनाउन जरूरी छ । यसैमा प्रगति निहित छ । समुन्नति निहित छ ।

# मञ्जुर वर्ल्डको सम्झना



मञ्जुर वर्ल्ड कुनै बेला राष्ट्र र राष्ट्रियताका धरोहर थिए । उनले नेपालको हक हितमा, नेपालले समुद्रसम्मको पहुँच पाउनुपर्छ, भूपरिवेष्ठित मुलुकलाई बिस्तारवादी भारतले हेप्न पाइदैन भन्ने आवाज उठाएका थिए । तिनै राष्ट्रभक्त मञ्जुर वर्ल्डको शहीद श्रद्धाञ्जली सभा सम्पन्न भएको छ । यो सभामा राष्ट्रिय समाज सुधार संस्था तथा रन्जितकार समाजका महासचिव सुरेन्द्र रंजित (सुदामा) ले हामी रंजितकार समाजको गौरवका रूपमा चिनिएका मञ्जुर वर्ल्डको स्मृतिमा कार्यकम गर्न पाउँदा गौरवको महसुस गरिरहेको छु भन्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथी यज्ञ राज अधिकारीले मञ्जुर वर्ल्डको भावना र मेरो भावना मिल्न गएको छ । अब हामीले गुट उपगुटका मुद्दाहरू भन्दा पनि साझा एजेण्डाको विषयमा सबै शक्तिहरूलाई एकिकृत गर्नु पर्छ र अबको हाम्रो एजेण्डा समृद्ध नेपाल हुनु पर्छ भन्नुभयो । विशिष्ट अतिथी चुडामणी धमलाले अबको नेपाल निर्माण गर्नको लागि भिजन सहितको गन्तव्यमा केन्द्रित हुनुपर्छ भन्नुभयो भने २० वडाका पूर्व अध्यक्ष विजयकृष्ण श्रेष्ठ, धर्म रंजित, वेदनिधी डवाडी, हरि पुरूषोत्तम रंजित, भावना रंजित आदीले मञ्जुर वर्ल्डलाई स्मरण गर्नुभएको थियो ।

सभापतित्व ग्रहण गर्नु हुने इ. शुरेश रत्न बज्राचार्यले मञ्जुर वर्ल्डलाई प्रत्यक्ष रूपमा भेट्ने सुअवसर प्राप्त नभएतापनि वहाँको व्यक्तित्व बारे सुनेको छु, बुझेको छु । अब राष्ट्रवादीहरूको सरकारले वहाँको जिवनी बारे सत्यतथ्य जानकारी नेपाली जनतालाई दिनु पर्छ, हाम्रो सरकारले वहाँलाई शहीदका पंक्तिमा उभ्याउनु पर्छ, मञ्जुर वर्ल्डजस्ता होनहार युवाहरू प्रेरणाका पात्र हुन् भन्नुभयो ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ माघ २२, Feb. 4, 2025





अन्तिम पातो - शाश्वत शर्मा

## बिकल्प आम नागरिक बिद्रोह

पूर्व राजारानीबाट गतहप्ता गोरखनाथ मन्दिरमा पूजाआजा सहित परम्परागत खिचडी चढाउने गर्ने कार्य सम्पन्न भएको छ । झण्डै महिनादिन अघि पनि पूर्वराजा भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको निम्तो मान्न र पूजाआजा गर्न गएकै हो । त्यतिबेलाको भ्रमणको चर्चा अत्यधिक थियो र नेपालको भ्रष्ट लोकतान्त्रिक पद्धतिको अन्त्य निकट आएको हल्लीखल्ली नै भएको थियो । यसपटकको भ्रमण नितान्त गुरू गोरखनाथको पूजामा सिमित देखिन्छ । तर यूट्युवे विद्वानहरू अघिल्लोपल्ट मिलाउन बाँकी कुरा मिलाउन गएको बताइरहेका छन् । राजाबाट बलात् नागरिकमा झारिएका ज्ञानेन्द्र शाह नेपालमै छन्, नेपाली भएरै बसेका छन् र आमनागरिकसँग सुखदुःख साटेर बसेका छन् । असफल भइसकेको शासन प्रणाली र शासकहरूको नाक जोगाइदिनका लागि अहिले पनि पूर्वराजाको गलत प्रयोग भइरहेको देखिन्छ । सबैलाई थाहा छ, आफ्नै भ्रष्ट चरित्र र गलत कृयाकलापका कारण यो पद्धति गुल्टिने भीरमा पुगिसकेको छ । जिल्ला जिल्लामा जनअसन्तोष बढेको छ, आन्दोलन, बन्दहड्ताल भइरहेका छन् । चालु हिउँदे अधिवेशनमै राजनीतिक हानाथापको चर्को रूप देखिएको छ । प्रष्ट छ, यस्तो असफल पद्धति ढाल्न पूर्वराजाले भारतलाई गुहार्नै पर्दैन । राजा कतै गए कि शंका गरिहाल्ने ? यसको अर्थ यो शासन र प्रशासन आफै ढल्ने स्थितिमा घिटीघिटी अवस्थामा पुगिसकेको छ ।

यो व्यवस्था ढाल्न नागरिक आन्दोलनको एक धक्काको आवश्यक छ । यस्तो धक्का जनविद्रोह हो, संगठित होस् वा असंगठित । यसरी पतन्नोन्मुख भइसकेको व्यवस्था ढाल्न पूर्वराजाले कसैको सहयोग लिइराख्नुपर्दैन । राजा हुने इच्छ भएको भए राजाका सामु भारतले अनेकपल्ट भारतमुखी हुन प्रस्ताव ल्याएकै हुन् । राजा जनताका सामु झुके, कुनै विदेशीका सामु झुकेनन् । फेरि राजाको बदनाम किन ? जति झुक्नुछ, यिनै लोकतन्त्र नामधारी झुकिरहेकै छन् । जनघात, जनविश्वासघात, राष्ट्रघात गरिरहेकै छन् । यी नेताहरू यतिसम्म झर्न र गिर्न सक्छन् कि यिनलाई नीति, सिद्धान्त, जनबल, जनमत, आरचरण केही अर्थ छैन । यिनलाई आफ्नो लागि सत्ता र सत्ता पाएपछि भ्रष्टाचारमा लिप्न हुनु नै यिनको राजनीति हो । यही राजनीतिक अवसरवादका लागि वर्तमान नेतृत्वपंक्ति राजनीतिलाई अपराधीकरण गरिरहेका छन् । जनतालाई डेलिभरि दिन नसकेर आलोचित भइरहकाहरू झन झन जनतालाई आक्रोसित पार्दै गएका छन् । यसको अर्थ सकेसम्म लुट्ने, नसकेपछि बुझाउने । यिनको रणनीति यही हो । पत्रकारदेखि पार्टीसम्म, जातिदेखि पहिचानवादीसम्म, बैंक सहकारी पीडितदेखि बैंकपीडितसम्म सबै आन्दोलित भइरहेका छन् । यी शासकहरूले लोकतन्त्रका सबै सीमाहरू तोडिसकेका छन् । यिनीहरू अझै भ्रम छरेर केही समय खान पाइन्छ कि भनेर भनिरहेका छन्- व्यवस्थामाथि खतरा छ । वास्तवमा व्यवस्था मास्न यिनीहरू आफै खतरा बनेका हुन् । कुनै बाधा नहुँदा पनि जनअपेक्षा पूरा गर्न सकेनन् ।

संसद नामको डबलीमा फेरि नाटक सुरू भएको छ । यो संसदले नेपालीलाई के दियो ? जनताले केही पाउन् कि नपाउने, निषेध र विभेद, प्रतिशोध साध्ने बिधेयकको विषयमा मारामार छ । पार्टी पार्टीवीचको झगडा छ, यो झगडा आमनेपाली र नेपालको हित हुनुपर्छ भन्ने झगडा होइन । कसले कसलाई सिध्याउने, कसले कसलार्य खुइल्याउने, कसरी आफ्नो अंकगणित मजबुत पार्ने, कसरी सत्ता टिकाउने अथवा कसरी सत्ताधारीलाई खगार्ने भन्ने झगडा हो यो । यस्तो झगडा जनताका लागि कौवालाई बेल पाकेसरहमात्र हो । मुख्य सवाल यी भ्रष्टबाट कसरी राष्ट्रले मुक्ति पाउने भन्ने हो । हो, देशव्यापी जनअसन्तुष्टीमध्ये धेरै थरिका आन्दोलन छन् । यी सबै आन्दोलनको जरो एउटै छ, यी शासकले सुख दिएनन् । यिनलाई सबक सिकाउनुपर्छ, यिनको कर्तुतको दण्ड यिनलाई दिनैपर्छ भन्ने आमधार रहेको छ । यसकारण यो असंगठित आन्दोलनलाई बिद्रोहको रूप दिन जरूरी छ । यो झिल्कोलाई मिलेर डढेलोको स्वरूपमा ढाल्न जरूरी छ । नेतृत्व कोही होस् कि नहोस्, आमनागरिक आफै संगठित भएर बिद्रोहको काल बजाउन जरूरी छ, ताकि यिनको सातो जावस् ।

यिनले काण्डमाथि काण्ड मच्चाएका छन् । जनता पीडामा छन्, पूर्वराजाभित्र पनि पुर्खाको भार छ, देशको चिन्ता र पीडा छ । राष्ट्र अस्तित्वको संकटमा फसिसक्यो, कसरी साबुत राष्ट्र भावी पुस्तालाई बुझाउने भन्ने चिन्ता हुनु स्वभाविक हो । पूर्वराजामाथि दलहरूले बलात् हमला गरेकै हुन् । गरेको प्रतिवद्धता मिचेकै हुन् । त्यसपछि जति पनि मठमन्दिर गएका छन्, राजाले नेपाल र नेपालीको हित होस् भनेरै चिताएका छन् । यस्तो प्रार्थना कुनै पनि नेताले गरेको थाहा छैन । हिजो भ्रममा पारी पारी आमनेपालीलाई राजाविरोधी आन्दोलनमा उतारे, आज प्रत्येक नेपाली ब्यूँझिएका छन्, यथार्थ सबैले बुझेका छन् । वातावरण भ्रम छर्ने शासक प्रशासकले तैयार पारिदिएका छन्, आमनागरिकले बिद्रोह गर्न जरूरी छ । यो असफल पद्धति ढल्छ ढल्छ ।

सामाजिक सञ्जालको सदुपयोग गरौं

सामाजिक सञ्जालको अधिक प्रयोगले व्यक्तिमा एक्लापन, परिवारमा अविश्वास र कलह तथा सामाजिक सद्भाव खलबल्याउन सक्छ,

- सामाजिक सञ्जाललाई सकरात्मक बिचार र प्रेरणा फैलाउने माध्यमको रूपमा प्रयोग गरौं,
- अनावश्यक र नकारात्मक सामग्री पोष्ट र शेयर नगरौं वा नराखौं,
- स्मार्ट फोनको अत्यधिक प्रयोगबाट वालवालिकालाई जोगाऔं,
- सामाजिक सञ्जाललाई सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने माध्यम बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कालापानीमा भारतले देखायो कालो-मन






## बरिष्ठ पत्रकारको दृष्टिमा कालापानी, लिपुलेक, लिम्पियाधुरा

ठूलै सैनिकक्याम्प स्थापना भएदेखिको समस्या आजसम्म कचल्टिरहेको राष्ट्रिय ब्यथा भएको छ । अर्थमन्त्री हुँदाको प्रंसगबारे ऋषिकेश शाहको भनाईअनुसार २०१९ सालमा भारतीय सैनिक क्याम्प बसेको लगत्तै आफूले यसबारे राजा महेन्द्रसँग प्रश्न राखेको, राजाले 'यो तिम्रो मन्त्रालय सम्बन्धी मामिला होइन, तिमी चुपलाग'भन्ने जवाफ पाएको बताएका थिए (बुधबार साप्ताहिक, १३ श्रावण २०५५)। त्यसपछि महाकालीमा धेरै पानी बग्यो, धेरै प्रधानमन्त्री र परराष्ट्रमन्त्रीहरू सत्तामा आए । यसबारे कुरा उठ्यो, तर मौसमी र प्रतिक्रियात्मक मात्र । २०७२ सालमा लिपुलेकसहित भारत र चीनबीच भएको ब्यापारिक नाकाको सहमतिबारे दुवै मुलुकलाई विरोधपत्र पठाउने काम तत्कालीन प्रधानमन्त्री सुशील कोईरालाले गरे । यसले गर्दा उनको निर्धारित भारत भ्रमण नै स्थगित हुन पुग्यो । त्यसपछिका सरकारहरू र राष्ट्रवादको दुन्दुभी बजाउँदै आएका कम्युनिस्ट नेतृत्वको सरकारको कुटनीतिक सामर्थ्य नै भएन ।

नेपालका सरकारहरू कालापानी क्षेत्रको नेपाली भूमिफिर्ता लिईछाड्ने हावादारी वाचा गर्छन् । भूमि त जहाँ छ त्यहीँ रहन्छ, फिर्ता ल्याउने ढुवानीको वस्तु होईन, स्वामित्व स्थापित गर्ने हो ! इच्छाशक्ति र कटिबद्धता बिनाका यस्तो घोषणा पहिलो पटक होइन, विगतमा धेरैपटक भईसके । आवश्यकता छ, दुवै मुलुकको उच्चस्तरमा निर्णायक वार्ता र टुङ्गो लगाउने काम । भारतसमक्ष ऐतिहासिक प्रमाण, आधिकारिक दस्तावेजदेखि स्थानीय जनताले नेपाल सरकारलाई तिरो वा कर तिरेका रसिदसमेत जुटाई सौहार्दपूर्वक वार्ताद्वारा समाधानको विन्दुमापुग्ने परिपक्वपहल र प्रयास जरूरी छ । सर्वदलीय सहमतिअनुरूप यथाशिघ्र भारतसँगवार्ता थाल्नुपर्छ ।

चीनको पनि हेपाईं र जबरजस्ती

कालापानी भूमिमा चिनियाहरू पनि मुछिईसके । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीचीन भ्रमणमा गएको बेला १ जेठ २०७२ (१५ मे २०१५) मा बेइजिङमा भारत र चीनबीच कालापानीबारे सम्झौता भयो । सो सम्झौताको बुँदा नं नम्बर २८ मा भनिएको छ- 'दुवै पक्ष मान्दछन् कि दुवै देशका बासिन्दाले सीमाव्यापार, तीर्थाटन तथा अन्य आदानप्रदान मार्फत दुईपक्षीय विश्वास प्रभावकारी रूपमा प्रवर्द्धन गर्न सक्नेछन् । र, सिमानालाई दुईपक्षीय सहकार्य र आदानप्रदानको पुल बनाउन पनि दुवै पक्ष सहमत छन् । दुवै पक्ष व्यापारिक वस्तुको सूची बढाउन र नाथुला, छियङ्लार लिपु-लेख पास र सिप्कीला हुँदै व्यापार अभिवृद्धि गर्ने वार्तालाई कायम राख्न सहमत भएका छन् । (Article 28 M The two sides recognized that enhancing border areas cooperation through border trade, pilgrimage by people of the two countries and other exchanges can effectively promote mutual trust, and agreed to further broaden this cooperation so as to transform the border into a bridge of cooperation and exchanges= The two sides agreed to hold negotiation on augmenting the list of traded commodities, and expand border trade at Nathu La, Qiangla÷Lipu–Lekh Pass and Shipki La.).

त्यसैगरी,२७-३० चैत २०६१ मा चीनका प्रधानमन्त्री वेन जियाबाओको भारत भ्रमणका अवसरमा पनिदुवै देशले नेपालप्रति हेपाहा रवैया देखाउँदै सम्झौता गरेका थिए ।चिनिया प्रधानमन्त्री वेन जियाबाओले भारत भ्रमणका बेला भारतीय विदेश सचिव र उनका चिनिया समकक्षी वु डाबेवीच हस्ताक्षर भएका विभिन्न १२ सम्झौता मध्ये, 'सीमा क्षेत्रको वास्तविक नियन्त्रण रेखालाई लिएर सैनिक फाँटमा विश्वास अभिवृद्धिका लागि आवश्यक विधि अवलम्बन गर्न भारत-चीनवीच सहमत ढाँचा' -Modalitities for the Implimentation of Confidence Building Measures in the Military Field Along the Line of Actual Control in the India–China Border Areas_ जसमा सम्बन्धी प्रोटोकल पनि समावेश थियो, कालापानीलाई भारतीय स्वामित्वको मान्ने बाटो खोलियो ।

त्यसको दफा ५ उपदफा २ मा उल्लेख छ, 'मध्य सेक्टरको लिपुलेक/च्याङ्ला भन्ज्याङ् र पूर्वी सेक्टरको किविथु-दामाईलाई संलग्न गरी सीमा बैठक बिन्दुहरूको संयन्त्र विस्तार गर्न दुवै पक्ष सिद्धान्ततः सहमत भएका छन् ।' यसलाई सन् १९९६ को नोभेम्बरमा सीमाक्षेत्रका सैनिक फाँटमा विश्वास अभिवृद्धि गर्ने सहमतिको परिमार्जित र कालापानी थपिएको रूपमा लिइएको छ ।

यसरी पटकपटक कालापानी क्षेत्रको बारेमा भारतले मात्र होइन, चीनले पनि नेपालप्रति गैरजिम्मेवार रवैया देखाएको छ । नेपाली स्वामित्व र सार्वभौमसत्ताको कालापानी क्षेत्रमिचेर भारतले जसरी कैलाश-मानसरोवर जाने सडक बनाईरहेको छ, भारतले ३ पटक युद्ध गरेर हकदावी गरिरहेको पाकिस्तान अधिनस्थ काश्मिर र त्यसमा चीनको सहयोगले बनेको चर्चित काराकोरम राजमार्ग भारत-पाकिस्तानबीच शत्रुताको विषय बन्दै आएको छ । तब के कालापानी क्षेत्रमा भारतले जबरजस्ती राजमार्ग बनाएको तर्कलाई उचित मान्ने हो भने नेपालीहरूले उक्त विवादास्पद क्षेत्रमा बनेको पाकिस्तानी राजमार्गलाई समर्थन गर्नुपर्ने हो त ?

चिन्नैपर्ने काराकोरम राजमार्ग

काराकोरम राजमार्ग पशिचमवर्ती चीनको काशगर शहरबाट शुरू भएर सीमावर्ती पाकिस्तानी बस्ती ताशकुरानबाट पाकिस्तान प्रवेश गरी राजधानी नजिक रावल पिण्डी र ग्वादर बन्दरगाह पनि जोड्ने संसारको सबभन्दा उचाईमा निर्माण गरिएको एक हजार तीनसय किलोमिटर लामो पक्की अन्तरराष्ट्रीय सड़क हो । यो राजमार्ग बनाउन करिब ११ अर्व डलर र २० वर्ष लाग्यो र सन् १९८६ मा पूरा भयो । यो काराकोरम पर्वत श्रृङ्खलाबाट भएर रहेको छ र समुद्र सतहभन्दा ४ हजार ६९३ मिटर उचाईको चीन-पाकिस्तानखुन्जराब भञ्ज्याङ् मार्फत दुई देशमा जोडिन्छ । ५ कि.मि. सुरूङ्, दुईटा विशालपुल र अन्य७८ वटा साना पुल भएको यो राजमार्ग पाकिस्तान अधिनस्थ कश्मीरको गिलगित-बाल्तिस्तानसँगै चीनको सिन्ज्याङ् क्षेत्रलाई जोड्न पुग्छ ।साथै यो एक लोकप्रियर आकर्षक पर्यटक स्थलपनि हो । यो राजमार्ग बनाउँदा ८१० जना पाकिस्तानी र ८२ जना चिनियाहरूले ज्यान गुमाएका थिए । यसलाई संसारको आठौं महाआश्चर्य पनि भनिन्छ ।

# लिपुलेकबाट कैलाश मानसरोवर यात्रा सुरू

भारत र चीन कैलाश मानसरोवर यात्रा पुनः सुरू गर्ने सहमतिमा पुगेका छन् । दुबै देशबीच यसै वर्ष (सन् २०२५)देखि कैलाश मानसरोवर यात्रा पुनः सुरू गर्ने सहमति भएको हो । भारतीय विदेशसचिव विक्रम मिश्रीले यही माघ १३ र १४ गते चीनको भ्रमण गर्दा दुई देशबीच उक्त सहमति भएको समाचार सार्वजनिक भएको छ । सहमतिअनुसार "दुवै पक्षले २०२५ को गर्मीमा कैलाश मानसरोवर यात्रा पुनः सुरू गर्ने निर्णय गरे ।" भारतले यो सहमतिको व्यापक प्रचार गरेको छ ।

लिपुलेकबाट व्यापार गर्ने सहमति गर्दा २०१५ मा नेपालले आपत्ति जनाएको थियो । त्यसपछि चीनले राजमार्ग निर्माणमा बाधा हालेको थियो । तर सन् २०१९ देखि चीनले रोकेको कैलाश मानसरोवर यात्रालाई यसै वर्ष सुचारू गर्ने भएका छन् ।

न लिपुलेकबाट व्यापार गर्ने विषयमा भारत र चीनले नेपाललाई सोधे, न कैलाश यात्रा सुरू गर्ने विषयमा सोधनी गरे । भारतले राजमार्ग नै निर्माण गरिसकेकाले पहिलेको सिक्किमको नाथुला पास, दोस्रो नेपाल आएर र तेस्रो, लिपुलेक हुँदै -मानसरोवर यात्रा हुने गरेकोमा अब नेपाली भूमि भारतको हैकममा गएकोमा चीनले सहमति जनाएको देखिएको छ ।

नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानी भारतले हस्तक्षेप गरेकोमा चीनले व्यवहारिक मान्यता दिएको विषयमा नेपालले कुनै आपत्ति प्रकट गर्न सकेको छैन । भारत र चीनको संयन्त्रले छिटै तयार पार्ने मोडालिटीमा नाथुला पास वा लिपुलेकमध्ये एउटा मार्ग सुचारू गर्ने वा दुवै भन्ने सहमति हुनेछ । नेपालको लिपुलेकका बारेमा नेपाल कतै देखिदैन ।

लिपुलेक नेपालको हो भनेर नेपालले कूटनीतिक नोट पठाएपछि चीनले कैलाश मानसरोवर यात्रा रोकेको थियो, लिपुलेक हुँदै भारतीय तीर्थयात्री त्यहाँ जान पाएका थिएनन्, अब लिपुलेकमा भारतीय नियन्त्रण छ । चीन र भारत एक भएका छन् ।

